# विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने समबन्धी निर्देशिका, २०५९ लाई समयानुकुल संशोधनको लागि ठोस राय सुझाव समेटी कार्वान्वयन खाका सहितको अध्ययन प्रतिवेदन २०८१


| | |
|---|---|
| संयोजक | प्रा. डा. विनिल अर्याल, डिन, त्रिभुवन विश्वविद्यालय |
| सदस्य | डा. सुमन खरेल, सहप्रध्यापक, त्रिभुवन विश्वविद्यालय |
| सदस्य | विष्णु माया भुसाल, उप प्राध्यापक, नेपाल ल कलेज |
| सदस्य | डा. कमल प्रसाद पोखरेल, सहसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य सचिव | परशुराम तिवारी, उपसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |


**१९ असोज २०८१**

# विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ लाई समयानुकूल संशोधनका लागि ठोस राय सुझाव समेटी कार्यान्वयन खाकासहितको अध्ययन प्रतिवेदन २०८१


| | |
|---|---|
| संयोजक | प्रा. डा. विनिल अर्याल, डिन, त्रिभुवन विश्वविद्यालय |
| सदस्य | डा. सुमन खरेल, सहप्रध्यापक, त्रिभुवन विश्वविद्यालय |
| सदस्य | विष्णु माया भुसाल, उपप्राध्यापक, नेपाल ल कलेज |
| सदस्य | डा. कमलप्रसाद पोखरेल, सहसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य सचिव | परशुराम तिवारी, उपसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |



१९ असोज २०८१

# कृतज्ञता ज्ञापन (Acknowledgement)

विदेशी शिक्षण संस्था वा विश्वविद्यालयवाट सम्बन्धन प्राप्त गरी उच्च शिक्षाका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा तोकिएबमोजिम अध्ययन गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट गठन भएको उपसमितिमा रही अध्ययन गर्न अवसर दिनुभएकोमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईज्यूप्रति कृतज्ञता प्रकट गर्दछौं। साथै श्रीमान् सचिवज्यू लगायत मन्त्रालय परिवारप्रति धन्यवाद प्रकट गर्दछौं ।

अध्ययनको क्रममा विभिन्न कार्यहरूमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण विज्ञज्यूहरू, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष तथा सदस्य सचिवज्यू, त्रिभुवन विश्विद्यालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रका निर्देशक तथा कर्मचारीहरू तथा **IEPAN** का प्रतिनिधिहरू तथा स्थलगत भ्रमण भएका कलेजका संस्थापक तथा प्रिन्सिपलज्यूहरूप्रति आभार प्रकट गर्दछौ। यसका साथै सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरूका पदाधिकारीहरू तथा वेबपेज व्यवस्थापन गर्ने कर्मचारीहरूलाई इमेलको माध्यमबाट विभिन्न प्रश्न तथा जिज्ञाशाहरूलाई सम्बोधन गर्नुभएकोमा हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

विज्ञ उपसमिति

# सामग्री


| | |
|---|---|
| कृतज्ञता ज्ञापन | २ |
| १. पृष्ठभूमि | ४ |
| २. अध्ययनको उद्देश्य तथा कार्यक्षेत्र | ५ |
| ३. अध्ययन विधि | ६ |
| ४. विश्लेषण | ८ |
| ५. सिफारिसहरू | ३७ |
| ६. निष्कर्ष | ४३ |
| सन्दर्भ सामग्रीहरू | ४४ |
| अनुसूची – क | ४५ |
| अनुसूची – ख | ५२ |

# १.   पृष्ठभूमि

नेपाल सन् २००४ को अप्रिलमा विश्वव्यापार सङ्गठनमा प्रवेश गरेका हो। यसपश्चात् विदेशी शिक्षण संस्था/विश्व विद्यालयहरूबाट सञ्चालित शैक्षिक कार्यक्रमहरू अनुमति लिई नेपालको उच्च शिक्षाको क्षेत्रमा सञ्चालन हुन थालेको पाइन्छ। प्राप्त दस्तावेज अनुसार मिति २०५६।०६।०५ गते शिक्षा मन्त्रालयमा माननीय मन्त्रीज्यूको उपस्थितिमा भएको बैठकले पहिलो पटक विदेशी शिक्षण संस्थाहरूबाट सम्बन्धन प्राप्त गरी नेपाल भित्र खुलेका शिक्षण संस्थाहरूलाई नियमन गर्नु पर्ने निर्णय गरेको पाइन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्कअनुसार हाल नेपालमा ५९ ओटा कलेज/शिक्षण संस्थाले विदेशी शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी उच्च शिक्षा (स्नातक र स्नातकोत्तर) अध्ययन अध्यापन गर्ने गरी अनुमति पाएकोमा ५६ ओटा कलेज/शिक्षण संस्थाहरूमा विद्यार्थी भर्ना भई अध्ययन अध्यापन कार्य भइरहेको छ। यी कलेजहरूको भौगोलिक वितरणलाई हेर्दा काठमाडौं, ललितपुर, कास्की र मोरङमा क्रमशः ३४, ९, ५, र ४ तथा चितवन र रुपन्देहीमा २, २ र सुनसरी, झापा र जनकपुरमा १, १ गरी ५९ कलेजले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट अनुमति पाएको देखिन्छ। यीमध्ये एकले स्थानान्तरणको प्रक्रियामा रही हाल विद्यार्थी भर्ना नगरेको अर्कोले आफै कार्यक्रम सञ्चालन नगरेको र अर्को एकले समकक्षतासम्बन्धी विषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको र हाल विद्यार्थी भर्ना नलिएको देखिन्छ। यी कलेज/ शिक्षणसंस्थाहरू ८ देशका ३७ ओटा विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त गरेकोमा सबैभन्दा बढी संयुक्त अधिराज्य र मलेशियका विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका छन्।

उच्च शिक्षाबाहेक नेपालमा विदेशी विश्वविद्यालय तथा बोर्डका विद्यालय शिक्षा सरहका कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरू पनि अनुमति प्राप्त गरी सञ्चालनमा आएका छन्। जसमा Cambridge University को ए लेभल कार्यक्रम सञ्चालन गर्ने २९, भारतको CBSE बोर्डको कार्यक्रम सञ्चालन गर्ने १३ र International Baccalaurate को डिप्लोमा कार्यक्रम सञ्चालन गर्ने दुई शिक्षण संस्थाहरू रहेका छन्। यसका साथै विभिन्न देशको कुटनैतिक नियोगको सिफारिसमा सञ्चालन भएका शिक्षण संस्थाहरूको सङ्ख्या ४ रहेको छ।

विदेशी विश्वविद्यालय संस्था वा बोर्डको सम्बन्धन तथा अनुमतिमा नेपालमा सञ्चालित उच्च शिक्षा तथा विद्यालय तहका कार्यक्रमहरू अन्तर्देशीय शिक्षा (Transnational Education) को एउटा रूप हो। एक देशमा अवस्थित शिक्षण संस्थाले अर्को देशमा रहेका विद्यार्थीलाई शैक्षिक कार्यक्रम तथा कोर्स प्रदान गरिने प्रावधानलाई अन्तर्देशीय शिक्षा भनिन्छ।

अन्तरदेशीय शिक्षाका विभिन्न रूपहरूमध्येको एक फ्रेन्चाइजिङ मोडेलमा नै नेपालका यस्ता शिक्षणसंस्थाहरू सञ्चालनरत छन् जसमा विदेशी शिक्षण संस्था वा विश्वविद्यालयले कुनै देशमा रहेको पार्टनर संस्थालाई आफ्नो कार्यक्रम वा कोर्स अध्यापन गराउन अनुमति प्रदान गरेका हुन्छन्। कोर्स समाप्तिपछि विद्यार्थीले विदेशी शिक्षण संस्था वा विश्वविद्यालयबाट जारी भएको प्रमाणपत्र र ट्रान्सक्रिप्ट पाउँछन् तर नेपालमा अन्तरदेशीय शिक्षाका अन्य मोडेलहरू जस्तै शाखा कलेज, स्वदेशी विश्वविद्यालयमा अध्ययन गरेको क्रेडिट ट्रान्सफर विदेशी विश्वविद्यालयमा हुने मोडेल, संयुक्त डिग्री कार्यक्रम भने कार्यान्वयनमा आइसकेको पाइँदैन। अन्तरदेशीय शिक्षाको कार्यान्वयनमा देहायका न्यूनतम पक्षहरूमा ध्यान दिनुपर्ने देखिन्छ।

- विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी खोलिएका उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था वा कलेजहरूलाई निरन्तर रूपमा अनुगमन गरिनुपर्दछ।
- यस्ता कलेजहरूसम्बन्धी सुझाव तथा सूचना सर्वसाधारणलाई जानकारी गराउनुपर्दछ।
- सम्बन्धन लिने र दिने दुबै पक्षले उच्च शिक्षासम्बन्धी दुबै देशको कानुनको पालना गरेको हुनुपर्दछ।
- अन्तरदेशीय शिक्षा स्वदेशको भन्दा उच्च गुणस्तरको हुनुपर्दछ।
- कलेजहरूले आफ्नो नीति तथा लक्ष्य प्रकाशन गर्नुपर्दछ।
- यस्ता कलेजहरूमा शिक्षकहरू विषयगत हिसावले निपूर्ण हुनुपर्दछ।

# २. अध्ययनको उद्देश्य तथा कार्यक्षेत्र

## (क) विज्ञ उपसमिति

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित कलेज/शिक्षण संस्थाहरूको सम्बन्धमा यस पूर्व भएका अध्ययन प्रतिवेदनको अध्ययन र विद्यमान समस्याको पहिचान गरी नीतिगत कार्य व्यवस्था गर्न र विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ लाई समयानुकूल संशोधनका लागि राय सुझाव समेतको कार्यान्वयन खाकासहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने गरी मिति २०८१।४।२४ को निर्णयानुसार देहायबमोजिमका पदाधिकारी रहने गरी एक विज्ञ उपसमितिको गठन गरिएको थियो।

**विज्ञ उपसमिति**

| | | |
|---|---|---|
| १. | प्रा. डा. विनिल अर्याल, डिन, त्रिभुवन विश्वविद्यालय | संयोजक |
| २. | डा. सुमन खरेल, सहप्रध्यापक, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| ३. | विष्णु माया भुसाल, उपप्राध्यापक, नेपाल ल कलेज | सदस्य |
| ४. | डा. कमलप्रसाद पोखरेल, सहसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ५. | परशुराम तिवारी, उपसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य –सचिव |

### (ख) अध्ययनको सीमा

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित कलेज/शिक्षण संस्थाहरूको सम्बन्धमा यस पूर्व गरिएका अध्ययन प्रतिवेदन ,निर्णयको अध्ययन र विद्यमान समस्याको पहिचान गरी नीतिगत कार्य व्यवस्था गर्न र विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ लाई समयानुकूल संशोधनका लागि राय सुझावसमेतको कार्यान्वयन खाकासहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने गरी उच्च शिक्षा सञ्चालनका लागि मन्त्रालयबाट अनुमति प्राप्त गरेका ५९ ओटा कलेजसँग सम्बन्धित रहेर अध्ययन गरिएको थियो ।

## ३. अध्ययन विधि

यस समितिले अध्ययनका लागि निम्न विधिहरू अवलम्बन गरेको छ।

### (क) सम्बन्धित विषयका दस्तावेज तथा प्रतिवेदनहरूको अध्ययन

यो प्रतिवेदन तयार गर्ने क्रममा समितिले प्रशस्त मात्रामा सम्बन्धित विषयका सूचनाहरू भरपर्दो हिसाबले सङ्कलन गरेको छ। यस्ता दस्तावेजहरूमा विदेशी शिक्षण संस्था वा विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ र त्यसका संशोधनहरू, विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित विभिन्न कलेजहरूको छानविन प्रतिवेदन २०७७, विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन २०७५, र विज्ञ समिति प्रतिवेदन २०८१ रहेका

थिए। यस सम्बन्धमा विभिन्न समयमा भएका सर्वोच्च अदालतका फैसलाहरू तथा सम्बन्धित कलेजहरूले कलेज सञ्चालन अनुमति लिनका लागि पेस गरेका आवश्यक कागजातहरू लगायतका दस्तावेजको अध्ययन गरिएको छ।

## (ख) आधिकारिक Website हरूको अध्ययन

यस समितिले प्रतिवेदन तयार गर्दा सम्बन्धित कलेजहरू तथा ती कलेजहरूलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयहरू र सरोकारवाला निकायहरू जस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्र लगायतका संस्थाहरूको आधिकारिक Website हरूको समेत अध्ययन गरिएको छ ।

## (ग) स्थलगत अध्ययन

यो प्रतिवेदन तयार गर्न सत्यतथ्य नजिकबाट प्राप्त गर्ने हेतुले विदेशी विश्वविद्यालयको सम्बन्धनबाट चलेका कलेजहरूमध्ये उपत्यका भित्र र बाहिर गरी जम्मा ६ ओटा कलेजहरूको स्थलगत अध्ययन गरेर सूचना सङ्कलन गरिएको छ ।

## (घ) सम्बन्धित सरोकारवालासँग छलफल

समितिले अध्ययनको सिलसिलामा विभिन्न चरणमा गरेर यस विषयसँग सरोकार राख्ने विभिन्न पक्षहरू जस्तै विश्वविद्यालय अनुदान आयोगसँग २०८१/०५/१२ मा, विदेशी विश्वविद्यालयको सम्बन्धन र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृति लिई नेपालमा सञ्चालन शिक्षण संस्थाहरूको सङ्गठन इन्टरनेशनल एजुकेशन प्रोभाईडर्स एशोसिएन अफ नेपाल (आइप्यान) का प्रतिनिधिहरूसँग मिति २०८१/०६/०७ मा र त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रसँग २०८१/०६/०९ मा छलफल गरी सत्यतथ्य बुझ्ने कार्य गरेको छ ।

# ४. विश्लेषण

## (क) विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९

### (अ) कानुनी अवस्था

नेपालमा सञ्चालित शैक्षिक संस्था तथा कलेजहरूको सञ्चालन, नियमन, नियन्त्रण  र त्यस्ता संस्था एवं ती संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको  शैक्षिक उपाधिको मान्यता वा  समकक्षता लगायतका  विषयमा मौजुदा कानुनी व्यवस्थाहरू देहायबमोजिम रहेका छन् ।

<u>नेपालको संविधान</u>

संविधानको मौलिक हक अन्तर्गत धारा १७ स्वतन्त्रता सम्बन्धी हकः कुनै पनि नागरिकले सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, तथा  नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता रहेको छ ।

धारा ३१ शिक्षा सम्बन्धी हकः नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ तथा धारा ५१(ज) १ र २ ले क्रमशः शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने व्यवस्था रहेको छ ।

<u>शिक्षा ऐन २०२८ मा भएका व्यवस्थाहरू</u>

ऐनको दफा ३ (८) को प्रतिबन्धात्मक वाक्यांश “विदेशी शिक्षण संस्थासँग सम्बन्धनको सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले सर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नका लागि मन्त्रालयसमक्ष सिधै निवेदन दिन सकिनेछ। त्यसैगरी उपदफा ९ बमोजिम “त्यस्तो अनुमति प्राप्त वा स्वीकृति प्राप्त विद्यालयले सर्त

बमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।" उपदफा (१०) बमोजिम "अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन।" ऐनको दफा १६( ढ) ले "कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्स, सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालन कुनै कार्यक्रम सञ्चालन गर्न पाउने छैन" भनी व्यवस्था गरेको छ। "कसैले नेपालमा सञ्चालित कुनै शैक्षिक कायक्रम विदेशी मुलुकमा सञ्चालन गर्न चाहेमा विदेशस्थित नेपाली कुटनैतिक नियोगको सिफारिससहित मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई सर्त तोकी त्यस्तो शैक्षिक कार्यक्रमम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।" त्यसैगरी उपदफा (१) बमोजिम "शैक्षिक कार्यक्रम, शैक्षिक परामर्स सेवा, ब्रिजकोर्स, भाषा शिक्षा कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको छ ।

शिक्षा नियमावली २०६९

प्रस्तुत नियमावलीको नियम ९ ले विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था ऐनको दफा ३ (८) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम विद्यालय खोल्न चाहनेले अनुमति वा स्वीकृतिका लागि मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।
उपनियम १ बमोजिम कुनै निवेदन परेमा मन्त्रालयले निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदनको बेहोरा मनासिब देखिएमा निवेदकलाई विदेशी संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर नेपाल सरकारसँग सम्झौता भएकोमा बाहेक एउटा कुटनैतिक नियोगको सिफारिसमा एकभन्दा बढी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । सोही नियमावलीको नियम ३८ मा विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक वा सो सरह परीक्षा उतीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपाधिलाई मान्यता तथा समकक्षता प्रदान गर्नका लागि मान्यता तथा समकक्षता निर्धारण उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखाको अध्यक्षतामा ५ सदस्यीय समिति गठन भई उक्त समितिले आफैले कार्यविधि निर्धारण गरेबमोजिम हुने व्यवस्था छ ।

नियम १९२ मा मन्त्रालयले यस नियमालीको अधीनमा रही देहायबमोजिमका विषयमा निर्देशिका बनाउन सक्नेछ भन्ने व्यवस्था गर्दै सोको देहायमा अनौपचारिक शिक्षा सञ्चालन, दुरशिक्षा सञ्चालन, प्रशिक्षार्थी आवास गृह सञ्चालन, विशेष शिक्षाको सञ्चालन, माध्यमिक शिक्षा, सहयोगी पाठ्यसामग्री प्रकाशन, विद्यालयको सम्पति संरक्षण र उपयोग सम्बन्धी विषयलाई मात्र समेटेको पाइन्छ ।

हालसम्म विदेशी शिक्षण संस्थाहरूको सम्बन्धनमा सञ्चालन भएका शिक्षण संस्थाहरूलाई व्यवस्थित रूपमा सञ्चालन अनुमति, नियमन, अनुगमन लगायतका विषयमा स्पष्ट कानुनी व्यवस्थासहितको विधायिका निर्मित कानुनको अभाव रहेको देखिएकाले हाल अस्तित्वमा रहेको शिक्षा ऐन २०२८, ऐ नियमावली, २०६९ समेतले मन्त्रालयललाई स्पष्ट रूपमा विदेशी शिक्षण संस्था सञ्चालन सम्बन्धमा कुनै निर्देशिका बनाई आवस्यक व्यवस्था गर्न सक्ने अखितयारी दिएको नदेखिएको र शिक्षा ऐन २०२८ र यसको नियमावलीले विद्यालय स्तरका शिक्षालाई मात्र नियमित गर्न बनेको ऐन भएको हुँदा यसले विदेशी विश्वविद्यालयलाई समेट्न सकेको देखिएन।

राष्ट्रिय शिक्षा नीति २०७६

यस नीतिको बुदा नं ८.९ मा सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु भनिएको छ भने बुँदा नं ८.१० मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु भनी उल्लेख भएको छ।

विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशका, २०५९

कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०५९ सालमा उल्लिखित निर्देशिका जारी गरेको छ । हालसम्म यो निर्देशिका २ पटकसम्म संशोधन भइसकेको छ ।यस निर्देशिका तथा यसको संशोधित प्रावधानको विरुद्धमा विदेशी सम्बन्धन प्राप्त

संस्थाको तर्फबाट सर्वोच्च अदालतमा समेत मन्त्रालयलाई विपक्षी बनाई मुद्दा दायर भई निर्देशनात्मक आदेश समेत जारी भएको छ ।

नेपालमा विगत दुई दशकभन्दा अगाडिदेखि विदेशी शिक्षण संस्थाहरूको सम्बन्धनमा कलेजहरू सञ्चालनमा आएको पाइन्छ । अनुमति प्राप्त गरी सञ्चालनमा रहेका कलेजहरूलाई व्यवस्थित रूपमा सञ्चालन, नियमन, अनुगमन तथा व्यवस्थापन गर्नका लागि हालसम्म स्पष्ट व्यवस्थासहितको विधायिका निर्मित कानुनको अभाव रहेको देखिन्छ । मन्त्रालयले बनाएको निर्देशिकाको आधारमा मन्त्रालयले नियमन गरिरहेको सन्दर्भमा यसको कानुनी अख्तियारी, क्षेत्राधिकार र स्पष्ट कार्यदिशको अभावमा नै कार्य सम्पादन हुदै गएको र समय समयमा सञ्चालक र मन्त्रालय विचमा विवाद उत्पन्न हुने र कतिपय विवादहरूमा सञ्चालकहरू सम्मानित सर्वोच्च अदालतमा रिट निवेदनको माध्यमबाट प्रवेश गरेको पाइन्छ । त्यस्ता केही मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा समेत कानुनको स्पष्ट अख्तियारीबिना नै मन्त्रालयबाट कामकारबाहीहरू भएको ठहर गर्दै कानुनी प्रक्रिया र मापदण्डका विषयमा स्पष्ट कानुनी व्यवस्थासहितको उपयुक्त व्यवस्थापन गर्नका निम्ति सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी गरेको परिप्रेक्ष्यमा सो सम्बन्धमा रहे भएका कमी कमजोरीहरूको अध्ययन विश्लेषण गरी सुझावहरू प्रस्तुत गरिएको छ ।

राज्यको मेरुदण्डको रूपमा नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई नेपालको संविधानले मौलिक हक तथा राज्यका नीति अन्तर्गत राखेको छ। उक्त संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयनको लागि विधायिकाले ऐन तथा नियमावली बनाई व्यवस्थित गर्नुपर्ने दायित्व राज्यको रहेको छ । विश्वव्यापी रूपमा शिक्षा तथा प्रविधिको क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै मुलुकको संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली, निर्देशिकाका साथै निजी शैक्षिक संस्थाहरूको सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यासको अवस्थाअनुसार विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने विषयलाई व्यवस्थित गर्नक लागि आवश्यक कानुनी व्यवस्था अवलम्बन गर्नुपर्ने देखिएको छ ।

नियमनको सम्बन्धमा दण्ड जरिवानासमेत तोक्ने व्यवस्था ऐन र सोको अख्तियारीसहितको नियमावलीमा बाहेक सिधै निर्देशिकामा व्यवस्था गर्न सकिँदैन । दण्ड जरिवानासम्बन्धी व्यवस्था सारवान कानुनमा मात्र गर्न सकिने

र निर्देशिका सामान्यतया ऐन नियममा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयोजनको लागि बनाइने कार्यविधि मात्र भएकाले निर्देशिका निर्माण गर्दा समेत सम्बन्धित कानुनलाई ध्यान दिनुपर्ने देखिन्छ ।

यस सम्बन्धमा सम्मानित सर्बोच्च अदालतबाट भएका निर्देशनात्मक आदेशहरूमा विदेशी शिक्षण संस्थाहरूको सम्बन्धनमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली साथै निजी शैक्षिक संस्थाहरूको सम्बन्धमा प्रचलित अन्तराष्ट्रिय तथा राष्ट्रिय असल अभ्यासको आधारमा संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भन्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नाउँमा निर्देशन आदेश जारी हुने भनी भएका आदेशहरूको हालसम्म कार्यान्वयन भएको अवस्था नदेखिँदा सोको कार्यान्वयनका लागि अविलम्ब कदम चाल्नुपर्ने देखिन्छ ।

(आ) निर्देशिका कार्यान्वयनको अवस्था

कानुनतः कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी नेपालमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउने उद्देश्यले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ (यसपछि "निर्देशिका" भनिएको) नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०५९/११/२६ मा स्वीकृत भई कार्यान्वयनमा रहेको र हाल सञ्चालित विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज/शिक्षण संस्थाहरूको नियमन, अनुगमन र नवीकरणको काम यसै निर्देशिका बमोजिम हुने गरेको छ। यस निर्देशिकाको प्रथम संशोधन मिति २०७२/०४/३२ मा र दोस्रो संशोधन मिति २०७४/०५/०८ मा भएको देखिन्छ। यस निर्देशिका जारी भए पश्चात् विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने कलेज/ शिक्षणसंस्थाको अनुमति नियमन तथा सञ्चालन यसै निर्देशिका बमोजिम हुदै आएको छ।

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ जारी हुनु अघिदेखि नै विदेशी शिक्षण संस्थाको सम्बन्धनमा कलेजहरूको सञ्चालन भएको पाइन्छ। माननीय मन्त्रीज्यूको अध्यक्षतामा पटकपटक बैठकहरू बसी यस्ता कलेजहरूको व्यवस्थापन गरेको देखिन्छ। आर्थिक वर्ष २०८०।०८१ मा शिक्षा

मन्त्रालयबाट भएका यी कलेजहरूको अनुगमनबाट प्राप्त तथ्याङ्कले निर्देशिकाको कार्यान्वयनको अवस्थालाई अध्ययन गर्दा निम्न विषयहरू पाइएको छ।

- १० प्रतिशत विद्यार्थीलाई पूर्ण निशुल्क हुने गरी छात्रवृत्ति उपलब्ध नगराएको
- नेपालको परिचय दिने सामाजिक शिक्षा विषय प्रत्येक तहमा अध्ययन नगराइएको
- सम्बन्धन दिने संस्थाले प्रभावकारी शिक्षण सिकाइका लागि कम्तिमा वर्षको एक पटक कलेजको सुपरिवेक्षणको व्यवस्था र उक्त सुपरिवेक्षण कार्य सम्पन्न भएपछि सुपरिवेक्षण प्रतिवेदन मन्त्रालयमा पेस नगरेको
- वार्षिक परीक्षाको समय तालिका मन्त्रालयलाई उपलब्ध नगराएको
- एक तिहाइ कलेजहरूमा मापदण्ड नपुगेका शिक्षकहरूले पनि अध्यापन कार्य गरेका
- लगभग १५ प्रतिशत कलेजले जग्गाको क्षेत्रफल सम्बन्धी मापदण्ड पूरा नगरेको
- अधिकांश कलेजको आफ्नो स्वामित्वमा जग्गा नभएको,
- केही कलेजहरूको भौतिक अवस्था जस्तै भवन खेलमैदान, प्रयोगशाला, फर्निचर, पुस्तकालय, शौचालय, प्राथमिक उपचार बाकस जस्ता न्यूनतम सुविधा कमजोर अवस्थामा रहेको,
- कलेजहरूमा भर्ना भएका विद्यार्थी सङ्ख्यालाई मध्यनजर गर्दा करिव २५ प्रतिशत कलेजहरू दयनीय अवस्थामा रहेको जस्तै १०० भन्दा कम विद्यार्थी सङ्ख्या हुने कलेजहरू १० ओटा रहेका छन् भने १०१ देखि २०० सम्म विद्यार्थी सङ्ख्या रहेका कलेजहरूको सङ्ख्या १४ रहेको देखिन्छ।

यसका साथै अनुगमनकर्ताहरूबाट देहायका सुझाव तथा सिफारिसहरू प्राप्त भएको थियो।

- निश्चित प्रतिशत छुट दिएको कर्यलाई नै छात्रवृति मानिएको अवस्था रहेकाले छात्रवृति सम्बन्धमा स्पष्ट मापदण्ड निर्माण गर्नुपर्ने।
- प्रयोगात्मक कार्यका लागि कोठा (हाउसकिपिङ् को प्रयोगात्मक कार्यका लाग किचेन आदि) को उपयुक्त व्यवस्था गर्न मन्त्रालयले निर्देशन दिने।
- नियमित अनुगमन गर्ने संयन्त्र निर्माण गर्नुपर्ने।

- शिक्षण संस्थाले वार्षिक क्यालेन्डर शैक्षिक सत्र सुरु हुनुपूर्व मन्त्रालयमा अनिवार्य रूपमा बुझाउने ।
- अनुमति प्राप्तिका लागि निश्चित महिना र अवधि तोक्ने ।
- एउटै भवन परिसरमा एकभन्दा बढी विश्वविद्यालयका कार्यक्रम सञ्चालन गर्न नदिने ।
- शिक्षण संस्थाहरूको नियमित अनुगमनका लागि कार्यक्रमसँग सम्वन्धित विज्ञहरूसमेत रहने गरी रोस्टर स्वीकृत गर्ने ।
- वस्तुनिष्ट मापदण्डका आधारमा शिक्षण संस्थाहरूको वर्गीकरण गर्ने र दीर्घकालीन रूपमा छुट्टै ऐन तर्जुमा गरी मन्त्रालय मातहतको निकायबाट विदेशी शैक्षिक कार्यक्रमको प्रभावकारी नियमन गर्न आवश्यक देखिएको।

## (ख) विदेशी शिक्षण संस्थाको सबन्धनमा उच्च शिक्षा सञ्चालन गरी रहेका कलेजहरू, शैक्षिक कार्यक्रमहरू र हाल अध्ययनरत बिद्यार्थीहरू सम्बन्धमा

हाल नेपालमा विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालनका लागि अनुमति प्राप्त गरेका कलेजहरू ५९ ओटा रहेका छन् (Table 1) जसमध्ये ५६ कलेजहरूले शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । उपत्यकाभित्र ४४ ओटा कलेजहरू तथा उपत्यकाबाहिर १५ ओटा कलेजहरू देखिन्छन्।

**Table 1:** *List of Colleges affiliated with Foreign Universities/Higher Education Institutions (HEIs) and their address. Fifteen colleges are found to e located outside Kathmandu valley.*

| SN | Name and address of college |
|---|---|
| 1 | Ace International Business  School, Sinamangal, Kathmandu |
| 2 | Asian Institute of Technology and Management, Khumlatar, Lalitpur |
| 3 | Balmiki Lincoln College, Birtamod, Jhapa |
| 4 | Biratnagar International College, Biratnagar |
| 5 | British International College, Chakupat, Lalitpur |
| 6 | C. G. Institute of Management Pvt. Ltd., Min-Vhaban, Kathmandu |
| 7 | Center For Leadership and Enterprenuership, Lagankhel, Lalitpur |
| 8 | Fishtail Mountain school of Hospitality Tourism and Management, Pokhara |
| 9 | Forbes College, Chitwan |

| | |
|---|---|
| 10 | Global Academy of Tourism and Hospitality Education (GATE), Mandikhatar, KTM |
| 11 | Global College International, New Baneshwor, Kathmandu |
| 12 | Green Peace Lincoln College, Itahari, Sunsari |
| 13 | Herald International College, Naksal, Kathmandu |
| 14 | Himalayan College Of Management, Kamalpokhari, Kathmandu |
| 15 | I.E.C. College of Art & Fashion, Mandikhatar, Kathmandu |
| 16 | Informatics College, Pokhara |
| 17 | Infomax College of Information Technology and Management, Pokhara |
| 18 | Institute of International Management Science (IIMS), Putalisadak, Kathmandu |
| 19 | International Centre for Academics, Sinamangal, Kathmandu |
| 20 | International School of Management and Technology (ISMT), Pokhara |
| 21 | International School of Management and Technology (ISMT), Butwal |
| 22 | International School of Management and Technology (ISMT), Biratnagar |
| 23 | International School of Management and Technology (ISMT), Tinkune, Kathmandu |
| 24 | International School of Management and Technology (ISMT), Chitwan |
| 25 | International School of Tourism and Hotel Management (IST), Gyaneswor, Kathmandu |
| 26 | Islington College, Kamal Pokhari, Kathmandu |
| 27 | Itahari International College, Sundarharaicha, Morang |
| 28 | Kashyap Institute of Engineering & Technology, Janakpur |
| 29 | Kathmandu College of Management, Guarkhu, Lalitpur |
| 30 | Kathmandu Forestry College, Koteswor, Kathmandu |
| 31 | KFA Business School and IT, Mid-Baneshwor, Kathmandu |
| 32 | Kings College, Babarmahal, Kathmandu |
| 33 | Lincoln International College of Management & IT network, Putalisadak, Kathmandu |
| 34 | Lord Buddha Education Foundation, Maitidevi, Kathmandu |
| 35 | Mid-Valley International College, Gyaneswor, Kathmandu |
| 36 | Model Institute of Technology (MIT), Bagbazar, Kathmandu |
| 37 | NTP Tourism Affairs College, Dillibazar, Kathmandu |
| 38 | Naaya Aayam Multi-Disciplinary Institute, Gyaneshwor, Kathmandu |
| 39 | National College of Management & Technical Science (NCMT), Shamakhusi, KTM |
| 40 | Nepal Business College, Janapath Tol Biratnagar |
| 41 | Nepal Education Foundation Consortium of Colleges, Khumlatar, Lalitpur |

| | |
|---|---|
| 42 | Nepal Information Technology, Jawaulkhel, Lalitpur |
| 43 | Padhmashree College, Tinkune, Kathmandu |
| 44 | Patan College for Professional Studies, Kupandol, Lalitpur |
| 45 | Phoenix College of Management, Maitidevi, Kathmandu |
| 46 | Pokhara Lincoln International College, Pokhara |
| 47 | Presidental Graduate School, Buddhanagar, Kathmandu |
| 48 | Silver Mountain School of Hotel Management, Lainchaur, Kathmandu |
| 49 | Softwarica College of IT & E commerce, Dillibazar, Kathmandu |
| 50 | Stamford College, Shantinagar, Kathmandu |
| 51 | Sunway International Business School, Maitidevi, Kathmandu |
| 52 | Techspire College, New Baneshwor, Kathmandu |
| 53 | The British College, Thapathali, Kathmandu |
| 55 | The London College, Tinkune, Kathmandu |
| 56 | The Westminster College, Kupandol, Lalitpur |
| 57 | Virinchi College International, Kumari Pati, Lalitpur |
| 58 | Western Mega College, Butwal |
| 59 | Yeti International College, Buddha Nagar, Kathmandu |

यी कलेजहरूले कुल २१२ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने स्वीकृत पाएका छन्। सर्वाधिक व्यवस्थापनसँग सम्बन्धित ९६ ओटा शैक्षिक कार्यक्रमहरू बिभिन्न कलेजहरूले सञ्चालन गरेको देखिन्छ । दोस्रोमा सूचना प्रविधि (Information Technology) सँग सम्बन्धित ७० कार्यक्रमहरू कलेजहरूले सञ्चालन गरेका छन् ।





**Figure 1:** *Distribution of academic program permitted by the Ministry of Education, Science & Technology to Foreign University affiliated colleges running in Nepal. The maximum 46% programs are management-related whereas 33% are of Information Technology related. Only 5% programs are of other disciplines.*

अन्य विषयसँग सम्बन्धित ५ कार्यक्रमहरू मात्र सञ्चालन गरेको देखिन्छ । हाल ४० ओटा शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी सङ्ख्या शून्य देखिन्छ ।





**Figure 2:** *Pi-chart showing distribution of programs at the masters and bachelor levels of both IT-related and Management-related, running in Nepal. About 81% IT-related undergrdauate programs are running whereas only 67% management-related undergraduate programs are running. This indicates that the both management-related and IT-related bachelor programs are populer in Nepal.*





**Figure 3:** *Pi-chart showing distribution of programs that are not offered by the colleges. These programs are of masters and bachelor levels of both IT-related and Management-related programs, running in Nepal. About 81% are found to be IT-related.*

**Table 2:** *Number distribution of colleges and students in both IT-related and Management related programs running at colleges affiliated to foreign Universities/institutions.*

| TOTAL PROGRAM | | IT-RELATED PROGRAM | | NUMBER OF COLLEGES | |
|---|---|---|---|---|---|
| COURSE NOT OFFERED | 40 | **BACHELOR LEVEL** | **57** | Within Valley | 44 |
| OFFERED (IT RELATED) | 70 | **MASTERS LEVEL** | **13** | Outside Valley | 15 |
| OFFERED (MANAGEMENT) | 96 | TOTAL PROGRAM (IT) | 70 | TOTAL | 59 |
| OTHERS | 6 | **MANAGEMENT-RELATED PROGRAM** | | **NUMBER OF STUDENTS** | |
| **TOTAL** | **212** | **BACHELOR LEVEL** | **64** | Within Valley | 23223 |
| **TOTAL NUMBER OF STUDENTS** | | **MASTERS LEVEL** | **32** | Outside Valley | 4850 |
| **TOTAL** | **28073** | **TOTAL PROGRAMS OFFERED** | **172** | **TOTAL** | **28073** |
| **STUDENTS IN IT-RELATED** | **15440** | **MANAGEMENT PROGRAM** | **12424** | **OTHERS** | **209** |

तसर्थ हाल १७२ शैक्षिक कार्यक्रमहरूमा कुल २८,०७३ (अट्ठाइस हजार त्रिहत्तर) विद्यार्थीहरू अध्ययनरत छन् (see Table 2)। शैक्षिक कार्यक्रमहरूमा व्यवस्थापन (Management) को सङ्ख्या अधिक भए पनि विद्यार्थीहरूको सङ्ख्या सूचना प्रविधि (Information Technology) सँग सम्बन्धित कार्यक्रमहरूमा बढी देखिन्छ । सूचना प्रविधिका बिभिन्न विषयहरूमा कूल १५,४४० (५५ प्रतिशत) विद्यार्थीहरू र व्यवस्थापनतर्फ कुल १२,४२४ (४४ प्रतिशत) विद्यार्थीहरू अध्ययनरत छन (see Figure 4)। अन्य विषयहरूमा जम्मा २०९ विद्यार्थी अध्ययनरत छन्।





**Figure 4:** *Pi-chart showing students in the program. In terms of number of colleges, management program dominates whereas the number of students are maximum in IT-related colleges.*

**Table 3:** *Top 10 colleges where number of students are maximum. Only two colleges belongs to management stream whereas the 8 colleges are running IT-related undergraduate programs.*

| SN | Offered Program | Duration of Program | No. of Students | Nature of the Program |
|---|---|---|---|---|
| 1 | B.Sc. (Hons) Computer Science | 3 years | 1859 | IT Related |
| 2 | B.Sc. (Hons) in Computing | 3 years | 1559 | IT Related |
| 3 | Bachelor of Computer Science | 4 years | 773 | IT Related |
| 4 | Bachelor of Information Technology (BIT) | 4 years | 703 | IT Related |
| 5 | B.Sc. (Hons) Computing | 3 years | 693 | IT Related |
| 6 | B.Sc. (Hons) in Computer Networking and IT Security | 3 years | 688 | IT Related |
| 7 | Bachelor of Science (Hons) in Hospitality Management | 4 years | 668 | Management |
| 8 | B.Sc. (Hons) Computing | 3 years | 651 | IT Related |
| 9 | B.Sc. (Hons) Computing | 4 years | 602 | IT Related |
| 10 | BA (Hons) Business Administration | 4 years | 591 | Management |

तालिका ३ मा सर्वाधिक सङ्ख्यामा विद्यार्थीहरू अध्ययनरत १० शैक्षिक कार्यक्रमहरू, कार्यक्रम अवधि र कार्यक्रमको प्रकृति दिइएको छ। जस अनुसार सर्वाधिक आकर्षण कम्प्युटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रमहरू देखिन्छन्। साथै यी कार्यक्रमहरू ३ बर्षे र ४ बर्षे दुवै प्रकृतिका देखिन्छन् । विद्यार्थी सङ्ख्याका हिसाबले उच्च १० भित्र परेका दुई ओटै व्यवस्थापन सङ्कायका कार्यक्रमहरू ४ बर्षे नै देखिन्छन्। तसर्थ विदेशी विश्वविद्यालयहरूसँग सम्बन्धन लिएर सञ्चालन भएका स्नातक तहका ४ बर्षे कार्यक्रमप्रति विद्यार्थीहरूको आकर्षण देखिन्छ।

सर्वाधिक १८५९ विद्यार्थीहरू एउटै कलेजको एउटै तहको एउटै शैक्षिक कार्यक्रममा अध्ययन गरिरहेको देखिन्छ (see Table 3)। यहाँ औसत प्रति सेमेस्टर विद्यार्थी सङ्ख्या ३१० हुन जान्छ । प्राविधिक बिषयहरूको हरेक बिषयमा प्रायोगात्मक कार्यहरू हुनुपर्ने हुनाले प्रति सेक्सन २४ विद्यार्थीहरू हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ। यस हिसावले उक्त कलेजको हरेक सेमेस्टरमा १३ सेक्सन अर्थात् कुल ७८ सेक्सनहरूको कक्षा हरेक दिन चलाउनु नै हुन्छ । तसर्थ कक्षा कोठाहरू के कति छन? प्रयोगशालामा अवस्था कस्तो छ? शिक्षकहरू पर्याप्त छन कि छैनन? सम्बन्धन दिने विश्वविद्यालयको कक्षाको मान्यता के छ? के त्यो नेपालका विद्यार्थीहरूको सन्दर्भमा उपयुक्त छ कि छैन? गुणस्तरको लागि यी बिषयहरूमा वहस र निक्यौंल हुनु जरुरी छ। अनुमति प्राप्त कलेजहरूमध्ये जम्मा १५ कलेजहरू मात्र काठमाडौं उपत्यका वाहिर सञ्चालन भएको पाइन्छ । विद्यार्थी सङ्ख्या पनि उपत्यका भित्र रहेका कलेजहरूमा ८३ प्रतिशत अर्थात २३,२२३ देखिन्छ।





**Figure 5:** *Pi-chart showing the number of students and colleges in and out of valley. Only 25% colleges are found to be offering courses out of the valley, where the number of students is only 17%. Most of the students study in the valley.*

तसर्थ, विदेशी विश्वविद्यालयहरूबाट सम्बन्धन लिई नेपालभित्र सञ्चालनमा रहेका कलेजहरू, तिनका शैक्षिक कार्यक्रमहरू तथा विद्यार्थीहरूको अवस्थाको बारे निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छ।

- स्नातकोत्तर तहभन्दा स्नातक तहको कार्यक्रमहरूप्रति बढी आकर्षण पाइएको छ।

- मुख्यतया कम्पुटर विज्ञान तथा सूचना प्रविधि र व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरूप्रति आकर्षण देखिन्छ।
- कम्पुटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रमहरूमा सर्वाधिक सङ्ख्यामा १५,४४० अर्थात् ५५ प्रतिशत विद्यार्थीहरू अध्ययनरत देखिन्छन् ।
- व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरूमा १२,४२४ अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू अध्ययनरत छन्।

नेपालमा सञ्चालनमा रहेका सबै ५९ कलेजहरूको नाम, ठेगाना, सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय, सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरू र विद्यार्थी सङ्ख्यासहितको पूर्ण तालिका अनुसूची क मा देखाइएको छ।

## (ग) नेपालमा सम्बन्धन प्रदान गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेका विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाहरू बारे अध्ययन

नेपालमा सम्बन्धन प्रदान गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेका विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको सूची तालिका ४ मा दिइएको छ । अन्तिम कोलममा ती विश्वविद्यालयहरूले सम्बन्धन प्रदान गरेका कलेजहरूको सङ्ख्या देखाइएको छ ।

**Table 4:** *Name of Foreign Universities and/or higher education institutions affiliating colleges in Nepal. The last column gives the number of colleges (NC) running under those Universities.*

| SN | Name of University | No. of Colleges |
|---|---|---|
| 1 | Asia eUniversity, Malaysia | 1 |
| 2 | Asia Pacific University of Technology and Innovation, Malasiya | 3 |
| 3 | Asian Institute of Technology, Thailand | 1 |
| 4 | Birmingham City University, UK | 1 |
| 5 | Coventry University, UK | 1 |
| 6 | Glasgow Caladoniam, University, Scotland, UK | 1 |
| 7 | HELP University, Malaysia | 1 |
| 8 | Hotelleriesuisse, Swiss Hotel, Association, Switzerland | 1 |

| | | |
|---|---|---|
| 9 | Indira Gandhi National Open University, India | 2 |
| 10 | Infrastructure University, Malaysia | 1 |
| 11 | International American University, Losangeles, USA | 1 |
| 12 | Keele University, UK | 1 |
| 13 | Leeds Backett University, UK | 1 |
| 14 | Limkokwing University of Creative Technology, Malaysia | 2 |
| 15 | Lincoln University College, Malaysia | 11 |
| 16 | London Metropolitan University, UK | 3 |
| 17 | Nilai University, Malaysia | 1 |
| 18 | Queen Marget University, UK | 1 |
| 19 | Salzburg University of Applied Science and Technology, Austria | 1 |
| 20 | Shinawatra University, Thailand | 1 |
| 21 | Siam University, Bankok, Thailand | 1 |
| 22 | Sripatum University, Thailand | 2 |
| 23 | Taylors University, Malaysia | 2 |
| 24 | The Institution of Civil Engineering, India | 1 |
| 25 | The University of Northmpton, UK | 1 |
| 26 | University of Bedfordshire, UK | 1 |
| 27 | University of Computer Science and Skills, Lodz, Poland | 1 |
| 28 | University of East London, UK | 2 |
| 29 | University of Highland and Island, UK | 1 |
| 30 | University of Salzburg, Austria | 1 |
| 31 | University of Sunderland, UK | 5 |
| 32 | University of Sunderland, Uk/Edexcel (Pearson BTEC), UK | 1 |
| 33 | University of Westminster, UK | 2 |
| 34 | University of Wolverhampton, UK | 2 |
| 35 | Westcliff University California, USA | 1 |
| 36 | University of the west England, UK | 1 |

चित्र ६ मा कुन विश्वविद्यालयले कति सङ्ख्यामा नेपालमा कलेजहरू सञ्चालन गरेका छन भन्ने कुरा देखाइएको छ। सर्वाधिक ११ ओटा कलेजलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय मलेसिया स्थित Lincoln University

College देखिन्छ। दोस्रोमा रहेको University of Sunderland, UK जसले ५ ओटा कलेजहरूलाई विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न अनुमति दिएको छ ।

एउटा कलेजलाई मात्र सम्बन्धन दिएका विश्वविद्यालयहरू २५ ओटा देखिन्छन । सर्वाधिक सङ्ख्यामा संयुक्त अधिराज्य अर्थात् UK का विश्वविद्यालयहरूले २४ कलेजहरूलाई सम्बन्धन दिएका छन् भने मलेसियाका विश्वविद्यालयहरू दोस्रो स्थानमा रही १९ कलेजहरूलाई सम्बन्धन दिएको देखिन्छ ।





**Figure 6:** *Universities from 8 nations have provided affiliation to 59 colleges in Nepal. The maximum number of colleges are from UK (23) followed by Malaysia (22) based host Universities. Universities from Austria, India, Poland, Switzerland, Thailand and USA are other nations affiliating Nepal based colleges. The number of Universities (green histogram) and Colleges (blue histogram) are shown.*





**Figure 7:** *Histogram showing Universities affiliating colleges of Nepal. The number of colleges are given in the bar. The maximum number of colleges are being affiliated by Linklon University College, based on Malaysia.*

## Times Higher Education World University Ranking (THE-WUR) को अवस्था

नेपालमा विदेशी विश्वविद्यालयहरूको सम्बन्धनमा सञ्चालित १३ कलेजहरूमात्र Times Higher Education World University Ranking (THE-WUR) को १००० भित्र परेको देखिन्छ । विश्व वरियता जाँच गर्नका लागि आधिकारिक वेबसाइट (https://www.timeshighereducation.com/world-university-rankings) मा सन्

२०१४ देखि २०२३ सम्मको हेरेर परेको वा नपरेको निक्यौंल गरिएको हो। तसर्थ ४६ कलेजहरू निर्देशिकाले तोकेको वरियताको मापदण्ड भित्र परेको देखिदैन । वरियता १००० भित्र नपरेता पनि कहाँ छन् त भनेर हेर्दा थप ८ कलेजहरूसँग सम्बन्धित विश्वविद्यालयहरू १००१ देखि १५०० भित्र रहेको पाइएको छ । त्यस्तै गरी विश्व वरियताका लागि आवेदन दिएका तर नपरेकाको सङ्ख्या ९ रहेको छ। विश्व वरियता भित्र नपरेका अर्थात आवेदन समेत नदिएका कलेजहरू सम्बन्धित विश्वविद्यालयहरूको सङ्ख्या २९ रहेको छ।








**Figure 8:** *Histogram and Pi-chart showing the status of Times Higher Education World University Ranking (THE-WUR) of host Universities of affiliated colleges running in Nepal (checked from the webpage https://www.timeshighereducation.com/world-university-rankings).*

## Shanghai Jiao Tong University Ranking को अवस्था








**Figure 9:** *Histogram and Pi-chart showing the status of Shanghai Jiao Tong University Ranking of host Universities of affiliated colleges running in Nepal (Checked from the webpage* https://www.shanghairanking.com/rankings/arwu/2023)

त्यस्तै निर्देशिकाले तोकेको दोस्रो Shanghai Jiao Tong Ranking को १००० भित्र परेका कलेजसँग सम्बन्धित विश्वविद्यालयहरू समेत जम्मा १८ मात्र पाइएको छ । चित्रमा यी दुवै वरियताको अवस्था देखाइएको छ । यी विश्वविद्यालयहरूको QS *World University Ranking* को अवस्था बारे पनि अध्ययन गरियो । जस अनुसार १००० भित्र पर्ने विश्वविद्यालयहरू जम्मा ११ ओटा देखिन्छन्।

## QAA (Institutional and Program) को अवस्था





**Figure 10:** *Histogram and Pi-chart showing the status of Quality Assurance and Accreditation (QAA) of host Universities running affiliated colleges in Nepal.*

त्यसै गरी Institutional QAA तथा Program QAA प्राप्त विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त कलेजहरू २५ रहेको छ। अर्थात् ३४ कलेजहरूलाई सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरू QAA प्राप्त देखिँदैनन्। केही विश्वविद्यालयहरूले ISO (https://www.iso.org/standards.html) स्टयान्डर्ड प्राप्त गरेको कुरा वेभपेजमा उल्लेख गरेको पाइन्छ तर त्यसको पुष्टिको आधार भने देखिँदैन। यी विश्वविद्यालयहरूको अनुसन्धान क्षमता र पेटेन्ट फाइलको अवस्था पनि एकाधको मात्र वेबपेजमा देखिन्छ।

**Table 5:** *Status of Ranking (Times Higher Education World University Ranking and Shanghai Jiao Tong University Ranking) and QAA (both Institutional & Program) of host Universities affiliating colleges in Nepal.*

| Host University listed in the THE-WUR 2023 Ranking | No. of Colleges | Host University listed in the Shanghai Jiao Tong Ranking | No. of Colleges | Host University Accredited in their Country | No. of Colleges |
|---|---|---|---|---|---|
| Within 1000 | 13 | Within 1000 | 18 | Not Accrediated | 29 |
| Between 1000-1500 | 8 | Between 1000-2000 | 11 | Program Accrediated | 11 |
| Reported but NOT Ranked | 9 | Not Ranked | 30 | Institutional Accred. | 18 |
| Not Ranked | 29 | Application Status | Unknown | Anyone as above | 25 |
| **TOTAL** | **59** | **TOTAL** | **59** | **TOTAL** | **59** |
| Within 1000 | 13 | Within 1000 | | Accrediated | 25 |
| Beyond Ranking Limit | 46 | Beyond Ranking Limit | | Not Accrediated | 34 |
| TOTAL | 59 | TOTAL | 59 | TOTAL | 59 |

अनुसूची ख मा सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयको नाम, उक्त विश्वविद्यालय अवस्थित देशको नाम, निर्देशिका अनुसारको विश्वविद्यालयको विश्ववरियता (Times Higher Education World University Ranking and Shanghai Jiotong Ranking) र Institutional & Program QAA को अवस्था देखाइएको छ। यी विवरणहरू ती विश्वविद्यालयको आधिकारिक वेबसाइटवाट निश्चित मितिमा लिइएको हो। यी विवरणहरूको मिलान नेपालमा विदेशी विश्वविद्यालयबाट सञ्चालित कलेजहरूको वेबसाइटबाट पनि गरिएको छ।

## (घ) केही कलेजहरूको स्थलगत भ्रमण

यस समितिले अपनाएको अध्ययन विधि बमोजिम स्थलगत भ्रमणका क्रममा उपत्यका भित्र र बाहिरका केही कलेजहरूको अध्ययन गरी सत्यतथ्य सूचना सङ्कलन गरियो ।

<u>कलेज १</u>

अध्ययन भ्रमणको सिलसिलामा अवलोकन तथा अन्तर्क्रिया गर्दा सम्बन्धित कलेजको आफ्नै कम्पनीको नाममा जग्गा नभएको, विद्यार्थीको अनुपातमा (लगभग ६००) पूर्वाधारको पर्याप्तता नपुगेको, सम्बन्धित शैक्षिक कार्यक्रमलाई आवश्यक पर्ने पूर्वाधारहरूको पर्याप्तता कम पाइएको छ । शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक लाइब्रेरी, ल्याब र कक्षाकोठाहरूको गुणस्तरीयतामा सुधार हुनुपर्ने देखिएको र पठनपाठन गराउने

प्राध्यापकहरूको सङ्ख्या पर्याप्तता देखिए पनि ५०% भन्दा बढी प्राध्यापकहरू आंशिक भएकाले पठनपाठनको गुणस्तरीयतामा प्रश्न गर्ने ठाउँ भएको पाइएको छ । अध्ययनका क्रममा सम्बन्धित कलेजमा नेपालका विश्वविद्यालयहरूले सञ्चालन गरेका कार्यक्रम भन्दा फरक कार्यक्रम नचलाइएको पाइएको छ। विदेशी शिक्षण संस्था वा विश्वविद्यालयको सम्बन्धनबाट सञ्चालित कलेज भए तापनि विदेशी प्राध्यापक र विद्यार्थी भने पाइएको छैन । कलेज LMS (Learning Management System) प्रयोग भएको पाइएन र त्यसमा चाख लाग्दो तथ्य सम्बन्धित प्राध्यापकहरू नै यो प्रणाली प्रयोग गर्न अनुच्छुक रहेको देखियो। सम्बन्धित कलेजले सञ्चालन गरेको कार्यक्रमहरू सम्बन्धन दिने विश्वविद्यालयमा सञ्चालित कार्यक्रम Accredited भएको भनेर दाबी गरिएको तर नेपालमा विश्वविद्यालय अनुदान आयोगमा स्वयं कलेज र कार्यक्रम QAA प्रक्रियामा हालसम्म नगएको तर यदि जानुपर्ने भएमा जान तयार भएको जानकारी पाइयो। त्यसका साथै छात्रवृत्ति नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशिका बमोजिम वितरण नभएको पाइएको छ।

आफूलाई सम्बन्धन दिने विश्वविद्यालय विश्वव्यापी आधिकारिक ranking मा भएको वा नभएको बारेमा गहिराइमा ज्ञान नभएको पाइयो तर गुणस्तर सुधारका लागि त्यो बाटोमा जानलाई प्रतिबद्धता भने पाइयो। कलेजमा हालसम्म कुनै पनि जर्नल प्रकाशन नभएको तथा विषयगत सेमिनार, कन्फरेन्सहरू व्यवस्थित ढङ्गले नभएको पाइएको छ। सामाजिक दायित्व अन्तर्गत समुदायसँगको पहुँच र सामाजिक कार्यमा केही संलग्नता देखिए तापनि नियमित भने नभएको पाइएको छ। प्राध्यापकहरूको क्षमता विकासका लागि क्षमता विकास तालिम केही भएको तर पर्याप्तता नभएको पाइएको छ। कलेजबाट अध्ययन पूरा गरेर गएका विद्यार्थीहरूको सामान्य लगत राख्ने गरे पनि व्यवस्थित tracer study प्रणाली नभएको देखिन्छ। अन्त्यमा सम्बन्धित कलेज गुणस्तरीयता सुधारका लागि भएका कमजोरीहरूलाई सुधारेर अगाडि बढ्न तयार भएको देखिन्छ र सरकारले यस प्रकृतिका कलेजहरूलाई सहयोग गर्ने वातावरणको सृजना गरिदियोस् भन्ने अपेक्षा कलेजबाट देखिन्छ ।

<u>कलेज २</u>

यस कलेजको भ्रमणका क्रममा पूर्वाधारहरूको अवस्था खास गरी विद्यार्थी अनुपातमा चाहिने खुला ठाउँ अत्यन्तै कम पाइएको, लाइब्रेरीको क्षमता सन्तोषजनक नभएको, आवश्यक ल्याब तथा कक्षाकोठाहरू अपर्याप्त रहेको,

यस कलेजमा सञ्चालित कार्यक्रमहरू नेपालमै भएका विश्वविद्यालयले चलाएकै प्रकृतिको भएका र कुनै नौलो कार्यक्रम सञ्चालन नभएको देखिन्छ। कलेजमा प्राध्यापनरत शिक्षकहरू पर्याप्त भएको तर अधिकांश प्रध्यापकहरू आंशिक भएको। विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा विदेशी प्राध्यापक र विद्यार्थी भने नभएको पाइएको छ। कलेजले LMS प्रयोग गरेको पाइएन। यस कलेजमा सञ्चालित कार्यक्रम सम्बन्धन दिने संस्थामा Accredited भएको भनिए तापनि आफै भने Accredited नभएको देखियो । छलफलका क्रममा गुणस्तर सुधारका लागि विश्वविद्यालय अनुदान आयोगको QAA प्रक्रियामा जान तयार रहेको पाइएको छ । अर्कोतर्फ उच्च शिक्षाको गुणस्तरीयताको मापन गर्ने विश्वव्यापी विश्वसनीय Ranking सम्बन्धन दिने विश्वविद्यालयको नभएको पाइएको छ। त्यस सम्बन्धमा छलफल गर्दा यस कलेजले सम्बन्धित कलेजले आफैले जर्नल प्रकाशन नगरेको, कुनै प्राज्ञिक सेमिनार तथा कन्फ्रेन्सहरू सञ्चालन नगरेको पाइयो । तर केही विषय विज्ञ शिक्षकहरू बोलाएर समय समयमा अतिरिक्त कक्षाहरू भने सञ्चालन गरेको पाइएको छ। सामुदायिक उत्तरदायित्व अन्तर्गत सामान्य कार्यक्रमहरू बेला बेला सञ्चालन गरेको भए तापनि नियमित, व्यवस्थित र प्रभाव पार्ने तरिकाले समुदायसँग जोडिने कार्यक्रमहरू अपुग भएको देखिन्छ। कलेजबाट अध्ययन सम्पन्न गरेर गएका विद्यार्थीहरूको व्यवस्थित Trace out प्रणाली पाइएन। महत्त्वपूर्ण पक्ष निर्देशिकाले तोके बमोजिम अनिवार्य १०% छात्रवृत्तिको व्यवस्थित वितरण हुन सकेको देखिएन। अन्त्यमा छलफलका क्रममा कलेज सञ्चालकहरूले गुणस्तरीय शिक्षा प्रदान गर्न नेपालभित्र विश्वविद्यालय अनुदान आयोग अन्तर्गत QAA प्रक्रियामा जान सहमति जनाएको, विश्वविद्यालय Ranking मा जान तयार भएको, पूर्वाधारको अवस्थाअनुसार विद्यार्थी सङ्ख्याको कोटा निर्धारण गर्न छलफल गर्न सकिने जनाएको, नेपाली विद्यार्थीलाई नेपाल बारे चिनाउने नेपाल अध्ययन वा त्यस्तै केही विषय अध्यापन गर्ने बारेमा सकारात्मक भएको पाइयो।

<u>कलेज ३</u>

स्थलगत भ्रमणका क्रममा यस कलेजको भौतिक पूर्वाधार विद्यार्थीको अनुपातमा (लाइब्रेरी, कक्षाकोठा, ल्याब आदि) यथेस्ट पाइएको छ। यस कलेजले कार्यक्रम सञ्चालन गर्न आफ्नै जग्गा र घरको व्यवस्था गरेको देखिन्छ। पूर्वाधारका हिसाबले यो स्थान कलेज सञ्चालन गर्न उपयुक्त देखिएको पाइन्छ। यस कलेजले

सञ्चालन गरेका कार्यक्रमहरू कतिपय नेपालमा सञ्चालित विश्वविद्यालयले अध्यापन गर्ने भन्दा फरक समेत भएको दाबी गरेको पाइन्छ (BSC (Hons), Computing, BA (Hons) Business Administration)। विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज भए तापनि विदेशी प्राध्यापक र विद्यार्थी भने पाइएको छैन। यस कलेजले शैक्षिक गुणस्तरलाई व्यवस्थित गर्न **LMS** प्रयोग गरेको पाइन्छ। यस कलेजले सञ्चालन गरेको कार्यक्रम सम्बन्धित सम्बन्धन दिने विश्वविद्यालय Accredited नभएको पाइएको छ तर सम्बन्धित कलेज नेपालको विश्वविद्यालय अनुदान आयोगको QAA को प्रक्रियामा जान तयार देखिएको छ। उच्च शिक्षाको गुणस्तरका लागि विश्वस्तरको ranking मा यस कलेजलाई सम्बन्धन दिने विश्वविद्यालय रहेको भनेर दाबी गरिएको छ। यसका साथसाथै शिक्षाको गुणस्तरका लागि आफूहरू आधिकारिक गुणस्तरीयता मापन गर्ने विश्वव्यापी ranking को प्रक्रियामा जान तयार रहेको बताए । सम्बन्धित कलेजले आफै प्राज्ञिक जर्नल प्रकाशित त गरेको छैन तर कलेजलाई सम्बन्धन दिने विश्वविद्यालयले भने प्राज्ञिक जर्नल प्रकाशित गर्ने गरेको पाइएको छ। कलेजमा प्राध्यापन गर्ने प्राध्यापकहरूको क्षमता विकासका लागि केही कार्यक्रमहरू गरेको पाइयो तर पर्याप्त भने पाइएन। कलेजले सामुदायिक सहकार्यका लागि केही कार्यक्रमहरू संलग्न गर्ने गरेको (जस्तै विश्व वातावरण दिवस, कलेज रोडमा सडक बत्ती कार्यक्रम, भूकम्पमा सहयोग आदि) पाइयो । परीक्षाको प्रणाली Hybrid Mode अर्थात् निरन्तर मूल्याङ्कन र अन्तिम परीक्षाको मिश्रित विधिको व्यवस्था गरिएको। निर्देशिकाले तोकेको १०% पूर्ण निशुल्क छात्रवृत्ति दिइएको पाइएन। तथापि आफ्नै छुट्टै प्रणाली बनाएर केही छात्रवृत्तिको व्यवस्था भने गरेको देखियो। विद्यार्थी कोटा सम्बन्धमा कलेजका सञ्चालकहरू पूर्वाधारमा आधारित भएर कोटा निर्धारण गर्नुपर्नेमा जोड दिएको पाइयो। छलफलका क्रममा विद्यार्थीहरूले केही विषय नेपालसँग सम्बन्धित विषयसमेत पढ्न पाए हुन्थ्यो भन्ने चाहना राखेका थिए। त्यस बारेमा कलेज सञ्चालकहरू पनि सकारात्मक पाइयो। त्यसका लागि कुनै नेपाल अध्ययन वा त्यस्तै विषय राख्न सकिने धारणा पाइयो।

कलेज ४

स्थलगत अध्ययनका क्रममा कलेजले लिजमा जग्गा लिएर कलेज सञ्चालन गरेको पाइयो। पूर्वाधारका हिसाबले कलेज सञ्चालन गर्न आवश्यक पर्ने कक्षाकोठा, खेलमैदान, ल्याब, सेमिनार हलहरू पाइए तापनि अझै थप केही

सुधार गर्नुपर्ने देखिएको छ। यस कलेजले सञ्चालन गरेका कार्यक्रमहरू नेपालमा भएका विश्वविद्यालयहरूले अध्यापन गर्ने भन्दा केही फरक पूर्ण प्राविधिक खालका पाइएका छन्। यस कलेजमा हाललाई अन्तर्राष्ट्रिय प्राध्यापक र अन्तर्राष्ट्रिय विद्यार्थी भने पाइएनन् । कलेजले शैक्षिक क्रियाकलाप व्यवस्थापनका लागि LMS प्रयोग गरेको पाइएको छ। अर्कोतर्फ कलेजले सञ्चालन गरेको कार्यक्रम सम्बन्धन दिने विश्वविद्यालयले Accredited गरेको भनिएको छ तर यहाँ विश्वविद्यालय अनुदान आयोग, नेपाल बाट Accredited हुने र QAA को प्रक्रियमा जाने गरेको पाइँदैन। यस सम्बन्धमा छलफल गर्दा गुणस्तर सुधारका लागि विश्वविद्यालय अनुदान आयोग, नेपालको QAA प्रक्रियामा जान तयार रहेको पाइयो । यसका अलावा छलफलका क्रममा सम्बन्धित कलेजलाई सम्बन्धन दिने विश्वविद्यालय विश्वव्यापी Ranking गर्ने प्रक्रिया भित्र गएको पाइएन तर कलेज सञ्चालकहरू गुणस्तरीयता विकासका लागि त्यसतर्फ उन्मुख हुन आफ्ना सम्बन्धन दिने विश्वविद्यालयलाई अनुरोध गर्न तयार भएको पाइएको छ। यस कलेजले आफै कुनै पनि प्राज्ञिक जर्नल प्रकाशित गरेको पाइएन। तर आफूलाई सम्बन्धन प्रदान गरेको विश्वविद्यालयले भने जर्नल प्रकाशित गरेको भनी बताइयो। यसका साथसाथै कलेजले प्राध्यापकहरूको क्षमता विकासका लागि केही सामान्य कार्यक्रमहरू गर्ने गरेको तर आवश्यक उल्लेखेनीय मात्रामा भने भएको पाइएन। विषयगत सेमिनार र कन्फ्रेन्सहरू बढाउनुपर्ने देखियो। परीक्षा प्रणाली भने कलेजले आफ्नो सम्बन्धित विश्वविद्यालयको नियमबमोजिम दुवै विधिहरू निरन्तर मूल्याङ्कन र अन्तिम मूल्याङ्कन विधि अपनाएको पाइयो। कलेजले सञ्चालन गरेको कार्यक्रमको समकक्षताको हकमा त्रि.वि. पाठ्यक्रम विकास केन्द्र  Relevant Subject मात्रै भनेर दिने र ४ वर्षे समकक्षता समेत नदिएकाले विद्यार्थीहरूलाई समस्या परेको पाइएको छ। कलेजले समुदायसँगको सहकार्य र सहयोगमा केही कार्यक्रम गरेको पाइएको छ तर त्यसलाई दिगो र व्यवस्थित बनाउन अझै प्रयत्न गर्नुपर्ने देखिन्छ। छात्रवृत्तिको सम्बन्धमा कलेजले AAA (Attendance Attitude and Academy)  अवधारणा लागू गरेर छावृत्ति प्रदान गरेको पाइयो तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको निर्देशिका बमोजिम १०% अनिवार्य छात्रवृत्ति भने लागू गरेको पाइएन। नेपाली विद्यार्थीहरूलाई नेपाल सम्बन्धी आधारभूत जानकारीका लागि नेपाल अध्ययन वा त्यस्तै विषय अध्यापन गर्नुपर्ने कुरामा कलेज सकारात्मक देखियो ।

कलेज ५

यस कलेजले कलेज सञ्चालन गर्न जग्गा भाडामा लिएको पाइएको छ। कलेजको आवश्यक पूर्वाधारहरू जस्तै कक्षाकोठा, ल्याब, कन्फ्रेन्स हल आदि पर्याप्त रहेको पाइयो। कलेजमा हाल विदेशी विद्यार्थी नभए तापनि न्यून सङ्ख्यामा (१%) विदेशी प्राध्यापक भने पाइयो । यस कलेजले आफ्नो अध्ययन अध्यापन र परीक्षा प्रणालीमा LMS प्रयोग गरेको पाइएको छ। यस कलेजले यसअघि सम्बन्धन प्रदान गरेको विश्वविद्यालयलाई छोडेर हाल अर्को विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालन गरेको पाइएको छ। त्यसो गर्नको कारण गुणस्तरीय शिक्षा प्रदान गर्नु रहेको बताइयो। हाल सम्बन्धन दिने विश्वविद्यालय Times Higher Education को ८०१ देखि १००० को बिचमा रहेको पाइएको छ। स्थलगत अध्ययनका क्रममा यस कलेजले नेपालमा भएका विश्वविद्यालयहरूले दिइआएको भन्दा फरक कार्यक्रम समेत सञ्चालन गरेको दाबी गरेको छ र त्यसको प्रमाण समेत दिएको छ। परीक्षा प्रणाली भने यस कलेजले निरन्तर मूल्याङ्कन प्रणालीलाई अवलम्बन गरेको देखिन्छ। यस कलेजले सञ्चालन गरेको कार्यक्रममा समकक्षता सम्बन्धी कुनै पनि समस्या नभएको पाइयो । कलेज गुणस्तरीय शिक्षा प्रदानका लागि QAA र Accreditation को लागि सकारात्मक देखियो । कलेजसँगको छलफलमा प्रत्येक वर्ष कलेजले Academic audit गरेर पारदर्शी ढङ्गले आफ्नो वेबसाइटमा प्रकाशन गरेर आफ्नो कलेजको आफै गुणस्तरीयता र सुशासन देखाउन तयार भएको पाइयो। अर्कोतर्फ निश्चित पूर्वाधारको गुणस्तर, सम्बन्धन दिने कलेजको वरियता र गुणस्तरीयता, कलेजको प्राध्यापकहरूको क्षमता आदिलाई आधार मानेर मापदण्डमा आधारित विद्यार्थी कोटा निर्धारण गर्नु पर्ने सुझाव कलेज सञ्चालकको पाइयो। कलेजले सामुदायिक सहकार्यतर्फ ध्यान दिएर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको देखिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको छात्रवृत्ति भने आफ्नै ढङ्गले वितरण गरेको तर निर्देशिका बमोजिम १०% पूर्ण छात्रवृत्ति भने प्रदान भने नगरेको पाइएको छ। कलेजले आफ्ना विद्यार्थीहरूको Trace Out प्रणाली व्यवस्थित हिसाबले गरेको पाइन्छ भने विद्यार्थीको छाड्ने दर २२.३% पाइएको छ। यस कलेजले समय समयमा शैक्षिक गोष्ठी, सेमिनार र कन्फ्रेन्सहरू सञ्चालन गर्ने गरेको र प्राज्ञिक अनुसन्धानत्मक जर्नल समेत प्रकाशन गर्ने गरेको पाइएको छ। कलेजले भर्ना भने Trimester लिने गरेको पाइन्छ। छलफलका क्रममा कलेजले केही व्यावसायिक (Professional) कोर्सहरू

सञ्चालन गरेको पाइन्छ भने नेपाली विद्यार्थीहरूका लागि नेपाल अध्ययन वा सामाजिक अध्ययन वा त्यस्तै विषय पढाउन सकिने कुरामा सहमत भएको पाइयो।

## विश्वविद्यालय अनुदान आयोगसँगको छलफल तथा अन्तरक्रिया

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष र सदस्य सचिवसँगको अन्तरक्रियामा निम्नानुसारका राय तथा धारणाहरू व्यक्त भए।

क) आयोग विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी नेपाल राज्यभित्र सञ्चालित शैक्षिक संस्थाहरूबारे अभिलेख राख्ने आवश्यकता देख्दछ । साथै सञ्चालित कार्यक्रमहरू तथा विद्यार्थीहरूसमेतको तथ्याङ्क आयोगमा हुनै पर्ने ठान्दछ।

ख) विदेशी विश्वविद्यालयबाट नयाँ कलेजलाई सम्बन्धन प्रदान गर्दा वा नयाँ कार्यक्रम थप गर्दा आयोगको राय अनिवार्य हुनुपर्ने ठान्दछ।

ग) कस्तो विदेशी विश्वविद्यालयलाई कलेज सञ्चालन गर्न दिने सवालमा आयोग निम्न राय व्यक्त गर्दछ।

- आफ्नो देश (Host University's Nation) को मापदण्ड अनुसार Institutional QAA र Program QAA प्राप्त गरेको हुनुपर्नेछ ।
- जुन कार्यक्रम नेपालमा सञ्चालन गर्ने हो, त्यो कार्यक्रम Program QAA प्राप्त गरेको हुनै पर्छ र साथै त्यो देशमा सञ्चालन भएको हुनै पर्नेछ।
- विदेशी विश्वविद्यालय Times Higher Education World University Ranking (THE-WUR) को १००० भित्र रहेको हुनुपर्छ।
- नेपालका विश्वविद्यालयहरूमा सञ्चालनमा नरहेका शैक्षिक कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने छ।

घ) विदेशी सम्बन्धनमा सञ्चालित कलेज तथा तिनका कार्यक्रमहरूको वारेमा अनुदान आयोगको राय यस प्रकार रहेका छन्।

- सबै कलेजहरूले नेपालको १२ कक्षाको परीक्षाको नतिजा आएपछि भर्ना क्यालेन्डर प्रकाशित गरी भर्ना लिनुपर्ने। वार्षिक भर्नाबाहेक आवश्यकता आनुसार सेमेस्टर भर्ना लिन सकिने छ, तर बर्षको २ पटक भन्दा बढी भर्ना लिनु हुँदैन। दुइ पटकको भर्ना पनि कलेजको क्यालेन्डर अनुसार हुनुपर्नेछ।
- भर्नाको कोटा निश्चित सङ्ख्यामा हुनुपर्ने छ। त्यो सङ्ख्या नेपाल स्थित कलेजको भौतिक तथा प्रविधिक पूर्वाधारले निस्चित गर्नुपर्नेछ।
- नेपाल स्थित कलेजहरू राज्यले तोकेको मापदण्ड अनुसारको Institutional QAA को लागि तयार हुनुपर्ने।
- एउटै हाता भित्र, एउटै संस्था अन्तर्गत २ वा सो भन्दा बढी विश्वविद्यालयहरूको शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न निषेध गरिनुपर्ने ।
- अनलाईनबाटै कक्षाहरू र परीक्षाहरू लिने कार्यक्रम सञ्चालन गर्न पाउनु हुन्न ।
- स्नातक र स्नातकोत्तर कार्यक्रमहरू राज्यको प्रस्तावित राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework) भित्र समेटिने खालको हुनुपर्ने। हरेक विषय र तहको प्रवेश योग्यतालाई समेत मापदण्ड भित्र राखिनुपर्ने।

**ङ)** आयोगले माथि उल्लिखित कार्यहरूलाई कार्यरुप दिन विश्वविद्यालय अनुदान आयोगको ऐनमा व्यवस्था नभएको हुँदा सो व्यवस्थाका लागि आवश्यक कानुन तर्जुमाको लागि सिफारिस गरिनु पर्ने।

## IEPAN का पदाधिकारीहरूसँगको अन्तरक्रिया

समितिले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा उच्च शिक्षा सञ्चालन गर्ने कलेजहरूको सङ्गठन IEPAN अध्यक्ष लगायतका सदस्यहरूसँग मिति २०८१।६।७ मा अन्तरक्रिया गरियो। अन्तरक्रियाका क्रममा निम्न विषयहरूको उठान समेत भयो।

- मन्त्रालयबाट गठन गरिने विभिन्न समति उपसमिति तथा कार्यदलमा कलेजहरूको प्रतिनिधि हुनुपर्ने।
- सुरुमा यस्ता कलेजहरू व्यापार तथा व्यवसायका हिसाबले खोलिएको देखिए तापनि हाल यिनीहरूले देशमा योगदान पुर्याएका छन्।
- स्थापनाकालमा जुन पायो त्यही विश्वविद्यालयसँग समझदारी गरिएकोमा हाल राम्रा र विश्व वरियतामा पर्ने विश्वविद्यालयसँग सम्बन्धन परिवर्तन गरिएको।
- यस्ता कलेजहरूले नेपाललाई शिक्षाको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकशित गर्ने लक्ष्य राखेको।
- मन्त्रालयले अन्तरदेशीय शिक्षा कार्यान्वयनका लागि छुट्टै निकाय गठन गर्नुपर्ने।
- विश्ववरियतामा परेका राम्रा विश्वविद्यालयका कार्यक्रमहरू नेपालका विद्यार्थीको आर्थिक अवस्थाले नसक्ने हुँदा राम्रा विश्वविद्यालयसँग समझदारी गरी कलेज सञ्चालन गर्न समस्या हुने गरेको।
- विदेशी विद्यार्थीहरूलाई नेपालका उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूमा आकर्षण गर्नका लागि भिसा प्रदान गर्ने नीतिमा परिवर्तन गर्नुपर्ने।
- वर्तमान निर्देशिकालाई परिमार्जन गर्नुपर्ने ।
- कार्यक्रम थपका लागि जुन आर्थिक वर्षमा निवेदन दिएको हो त्यही आर्थिक वर्षमा टुङ्गयाउनु पर्ने वा निश्चित समयमा टङ्गयाउनुपर्ने।
- यी कलेजहरूले नेपालको विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाण पत्र निश्चित समय पश्चात् प्राप्त गरेको हुनुपर्ने।

उल्लिखित बुँदाहरूका साथै यी कलेजहरूको नियमन, अनुगमन तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन IEPAN ले लिखित सुझावहरू समेत समितिलाई हस्तान्तरण गरेको थियो।

## पाठ्यक्रम विकास केन्द्र त्रिभुवन विश्वविद्यालयसँगको अन्तरक्रिया

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रका निर्देशक तथा कर्मचारीसँग नेपाल स्थित विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिई शैक्षिक कार्यक्रमहरूबाट उपाधि प्राप्त गरी समकक्षताको लागि दिएको आवेदनहरूमा के कस्ता कठिनाइ देखिन्छन् र यी कठिनाइहरू समाधान कसरी गर्न सकिएला भन्ने सन्दर्भमा छलफल हुँदा निम्नानुसारका सुझावहरू प्राप्त भए।

क) त्रि वि ले सञ्चालन गरेको कार्यक्रमहरूसँगको समकक्षता प्राप्त गर्न सो कार्यक्रमको पाठ्यक्रम कम्तीमा ७५ प्रतिशत मिल्नुपर्ने हुँदा त्यो नपुग्ने देखिन्छ।

ख) त्रि वि ले सञ्चालन गरेको कार्यक्रमहरूसँगको समकक्षता प्राप्त गर्न कार्यक्रमको पाठ्यभार र अवधि मिलान गर्नुपर्ने भएको हुँदा, समान्यतया अवधि नपुगेको देखिन्छ।

ग) त्रि वि ले सञ्चालन गरेको कार्यक्रमहरूसँगको समकक्षता प्राप्त गर्न कार्यक्रमको न्युनतम प्रवेश योग्यता नपुगेको देखिन्छ।

घ) माथि उल्लिखित बाहेक केही विश्वविद्यालयहरूवाट प्राप्त निम्नानुसारका जानकारीहरू पाइयो

- कार्यक्रम सुरु भएको मिति, सेमेस्टर वा वार्षिक परीक्षा मिति र ट्रान्स्क्रिफ्ट जारी भएको मिति स्पष्ट उल्लेख हुने नगरेको ।
- क्रेडिट ट्रान्सफर गरेको अवस्थामा कति क्रेडिट ट्रान्सफर गरेको हो, त्योबारे ट्रान्स्क्रिफ्टमा स्पस्ट नदेखिने भएको।
- ल्याटरल इन्ट्री (Lateral Entry) को अवस्था हुँदा ट्रान्स्क्रिफ्टले आफै बोल्ने नगरेको।

# ५. सिफारिसहरू

## क) कानुनी तथा संस्थागत प्रबन्ध

- विद्यमान ऐन तथा कानुनहरूमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको सम्बन्धमा कही कतै ठोस रूपमा कानुनी व्यवस्था नभएको हुँदा ती कलेजहरूलाई व्यवस्थित, नियमि  तथा गुणस्तरीय बनाउनका लागि आवश्यक कानुनी प्रर्वद्धन गर्नका लागि छुट्टै ऐनको व्यवस्था गर्नुपर्ने।
- सुशासन ऐन २०६४ को दफा ४५ नेपाल सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्थालाई वैकल्पिक व्यवस्थाको रूपमा राख्न सकिने।
- विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित कलेजहरूको गुणस्तर सुनिश्चितता र प्राज्ञिक अनुगमनका लागि विश्वविद्यालय अनुदान आयोगमा छुट्टै शाखा रहने आयोगलाई जिम्मेवारी दिने।
- मन्त्रालयले यस्ता कलेजहरू सम्बन्धी नीति तथा मापदण्ड निर्माणका साथै सका आधारमा विभिन्न निकायहरूसँग समन्वय र कलेज सञ्चालन अनुमति, नवीकरण तथा खारेजी लगायतका प्रशासनिक कार्यहरू गर्ने।

## ख) विश्व वरियता र गुणस्तर प्रत्यायन

- सञ्चालित शैक्षिक कार्यक्रमहरू सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरूले आफ्नो संस्थागत **(Institutional)** र शैक्षिक कार्यक्रम **(Academic Program)** दुबैको **QAA (Quality Assurence and Accreditation)** प्राप्त गरेको हुनुपर्ने। शैक्षिक गुणस्तर प्राप्त गर्ने सन्दर्भमा नेपालमा अवस्थित विश्वविद्यालयहरू समेत अनिवार्य रूपले **QAA** को प्रक्रियामा

जानैपर्ने नीतिगत व्यास्था हुँदै गरेको सन्दर्भमा यी कलेजहरूमा सञ्चालित शैक्षिक कार्यक्रमहरू **QAA** प्राप्त गरेको हुनै पर्ने सिफारिस गरिन्छ ।

- नेपालमा सञ्चालन कलेजहरूले राज्यले निर्धारण गरेको मापदण्ड अनुसारको **QAA (Institutional)** प्रक्रियामा अनिवार्य रूपले जानै पर्ने व्यवस्था हुनपर्ने।
- सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरू **Times Higher Education World University Ranking (THE-WUR)** को १००० भित्र हुनै पर्ने व्यवस्था अनिवार्य गर्नु पर्ने र वरियता कुन वर्षको हो भन्दा पनि त्यो विश्वविद्यालयले बितेको ५ वर्षमा कुनै वर्ष १००० भित्र रहिसकेको र निरन्तर आवेदन दिएको हुनुपर्ने।
- **QS World University Rankings** को १००० भित्र परेका विदेशी विश्वविद्यालयहरूलाई पनि सम्बन्धन प्रदान गर्न अनुमति दिने र यस वरियताको सूचकहरूमा अनुसन्धान कार्यहरूको गुण्स्तर र पेटेन्ट पनि रहेको तथा यो वरियता पाएका विश्वविद्यालयहरूले Labor Market Driven Policy अन्तरगतको बजारमुखी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको हुँदा यस वरियतालाई समावेश गर्नुपर्ने देखिन्छ। त्यस्तै Shanghai Jiao Tong University Ranking चिनको एउटा विश्वविद्यालयले स्थापना गरेको र त्यसको सूचकहरूमा इतिहास र विद्यार्थीहरूको सङ्ख्या समेतलाई राखिएको हुँदा यसलाई निर्देशिकाबाट हटाउनुपर्ने।
- माथि उल्लिखित QAA र Ranking को मापदण्ड भित्र परेका विदेशी विश्वविद्यालयहरूमा सञ्चालित तर नेपाली विश्वविद्यालयहरूमा सञ्चालनमा नरहेका नयाँ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरी तोकिएका कानुन अनुसारका मापदण्ड पूरा गरी नयाँ अनुमतिका लागि आवेदन प्राप्त भएमा मन्त्रालयले आवश्कता बमोजिम अनुमति प्रदान गर्ने। अनुमति प्रदान गर्दा जनसङ्ख्या र भूगोल तथा अन्य आवश्यकतालाई मध्यनजर गरिनुपर्ने।

- माथि उल्लिखित QAA को हकमा ३ वर्ष र वरियताको हकमा ५ वर्षको अवधि तोकेर मापदण्ड पूरा गर्न अवसर दिनुपर्ने। यसका लागि विश्वविद्यालयको स्विचिङ् गर्न मन्त्रालयले सहजीकरण गर्नुपर्ने।

## ग) विद्यार्थी भर्ना तथा अभिलेख

- सञ्चालित कार्यक्रमहरू र विद्यार्थीहरूको तथ्याङ्क विश्वविद्यालय अनुदान आयोगको अभिलेखमा हुनुपर्ने र नेपालमा अवस्थित सम्पूर्ण शैक्षिक कार्यक्रमहरू, तिनका पूर्वाधारहरू र विद्यार्थीहरूको डेटा अनिवार्य रूपले अनुदान आयोगको वार्षिक रिपोर्टमा हुनुपर्ने व्यवस्था गर्नुपर्ने।
- सञ्चालित कार्यक्रमहरूमा विद्यार्थी सङ्ख्याबारे निश्चितता हुनै पर्ने। कुनै पनि शैक्षिक संस्थाको निश्चत भौतिक र शैक्षिक पूर्वधार हुने गर्दछ र सोहीअनुसार विद्यार्थीको सङ्ख्या निर्धारण हुने गर्छ। साथै कक्षामा विद्यार्थीको सङ्ख्या पनि निश्चत हुनुपर्छ। प्रयोगशालामा त यो अझै महत्त्वपूर्ण हुन्छ । उच्च शिक्षाको अन्तराष्ट्रिय मापदण्डमा प्रति विद्यार्थी ५ घन मिटर, प्रति १० विद्यार्थी १ शिक्षक र प्रति २० विद्यार्थी १ कर्मचारी रहेको छ (https://www.iso.org/standards.html)। तसर्थ निश्चित विद्यार्थी सङ्ख्या तोक्न विश्वविद्यालय अनुदान आयोगको मापदण्ड प्रयोग गरी कोटा निर्धारण गर्नुपर्ने देखिन्छ। यसका लागि विश्वविद्यालय अनुदान आयोगको प्राविधिक सहयोगमा मन्त्रालयले कोटा निर्धारण गरिनु पर्ने।
- जुन पनि समयमा र वर्षको जति पटक पनि भर्ना लिनु हुँदैन। शैक्षिक कार्यक्रमको प्रकृति अनुसार वर्षको १ पटक अनिवार्य र बढीमा २ पटक गरी शैक्षिक क्यालेन्डरमा तोकिएको मितिमा विद्यार्थी भर्ना लिनुपर्ने। साथै अध्ययनरत विद्यार्थीहरूको सूची पनि अनिवार्य रूपले वेबपेजमा राख्नुपर्ने ।हरेक कलेजले भर्ना र परीक्षा लगायतका क्रियाकलापहरू समेटी वार्षिक कार्ययोजना बनाई मन्त्रालयमा पेस गर्नुपर्ने।
- लगातार ५ वर्षसम्म कुनै कार्यक्रमा विद्यार्थी भर्ना नगरेमा सो कार्यक्रम खारेज गर्नुपर्ने।

## ङ) छात्रवृत्ति

- हरेक सेमेस्टरमा छात्रवृत्ति पाएका विद्यार्थीहरूको नामावली मोबाइल नम्बरसहित अनिवार्य रूपले वेबपेजमा प्रकाशित गर्नुपर्ने।
- छात्रवृत्ति १० प्रतिशत विद्यार्थीका लागि पूर्ण निःशुल्क हुने गरी उपलब्ध गराउनुपर्ने। यसका लागि मन्त्रालयले एक कार्यविधि बनाई विद्यार्थीहरूसँग आवेदन सङ्कलन गरी समावेशीताका आधारमा पारदर्शी एवं निष्पक्ष तवरले छात्रवृत्ति वितरण गर्ने।
- कलेजले विश्वविद्यालयसँग MOU गर्दा १० प्रतिशत विद्यार्थीलाई पूर्ण निशुल्क गर्ने बुदा राख्ने।

## च) अन्य सिफारिसहरू

- कलेजको नाम परिवर्तन गर्न नपाइने र सञ्चालन स्थान परिवर्तन गर्दा सम्बन्धित जिल्लाबाहेक अन्यन्त्र गर्न नपाइने।
- एउटै भवन परिसरमा एकभन्दा बढी नेपाली वा विदेशी विश्वविद्यालयका कार्यक्रम सञ्चालन गरेका कलेजलाई एक वर्ष भित्र अलग अलग स्थानमा कार्यक्रम सञ्चालन गर्न लगाउने र सो नगरेमा अनुमति खारेजीको प्रक्रियामा जाने।
- दुई वा सोभन्दा बढी विदेशी संस्था वा विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालन भएका कलेजलाई एक मात्र संस्था वा विश्वविद्यालयको सम्बन्धन रोज्न लगाउने र नरोजेको विश्वविद्यालयका कार्यक्रममा भर्ना बन्द गर्ने।
- विद्यमान निर्देशिकामा विदेशी संस्था वा विश्वविद्यालय भनिएकोमा नयाँ बन्ने ऐन वा निर्देशिकामा विदेशी विश्वविद्यालयमात्र उल्लेख गर्ने र विश्वविद्यालयबाहेकका अन्य संस्थाबाट सम्बन्धन वा अनुमति लिई सञ्चालनरत कलेजलाई एक वर्षभित्र विश्वविद्यालयको सम्बन्धनमा जानु पर्ने अनिवार्यता कायम गर्ने।
- मन्त्रालयले अनुगमन संयन्त्र बनाई वार्षिकरूपमा अनुगमन गरी पूर्बाधार पूरा गरेका र नगरेका कलेजहरूको नामावली प्रकाशन गर्ने र पूर्वाधार पूरा नगरेकालाई एक वर्षको समय दिई पूर्वाधार

पूरा गर्न लगाउने। त्यसपछिको अनुगमनमा पनि पूर्वाधार पूरा नगरेको पाइएमा सचेत गराउने र त्य पछिको अनुगमनका क्रममा पनि पूर्वाधार पूरा नगरेको पाइएमा त्यस्ता कलेजमा भर्ना रोकी खारेज गर्ने प्रक्रियामा जाने।

- प्रत्येक कलेजले छुट्टा छुट्टै डेडिकेटेड पूर्णकालीन प्रिन्सिपलको व्यवस्था गर्नु पर्ने अन्यथा गरेकोमा कारबाही गर्ने।
- हरेक कलेजले मन्त्रालयले उपलब्ध गराएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष माघ महिना भित्र पेस गर्नुपर्ने।
- यस विज्ञ उपसमितिको प्रतिवेदन तथा यस अगाडि भएका विभिन्न समिति तथा कार्यदलको प्रतिवेदनमा भएका सिफारिसका आधारमा नयाँ ऐन वा निर्देशिका बनाई यी कलेजहरूको अझ प्रभावकारी रुपमा नियमन तथा व्यवस्थापन गर्ने ।

# ६. निष्कर्ष

आजको उच्च शिक्षाले विश्वविद्यालयहरूलाई एक अर्कासँग सहकार्य गर्दै सिक्दै सिकाउँदै नयाँ उपयोगी ज्ञानको उत्पादन गरी सभ्य, सम्पन्न र उत्कृष्ट समाज निर्माणको परिकल्पना गर्दछ । नेपालमा पनि २ दशक अघि विदेशी विश्वविद्यालयहरूले सम्बन्धन प्रदान गरेर नेपाली विद्यार्थीहरूलाई ज्ञानप्राप्तिको वाटोमा डोर्याएका हुन् । त्यो वेलाको आवश्यकताको परिधि हाल आएर बृहत् हुनु स्वाभाविक नै हो । आजको नयाँ पिढी बाहिरको संसारसँग जोडिएको छ, ऊ आफ्ना आवश्यकताहरू बारे सचेत छ । उसलाई राज्यले हरेक प्रकारले उपयुक्त र उत्कृष्ट संशाधन उपलब्ध गराउनुपर्छ वा सोही अनुसारका वातावरण सिर्जना गरिदिनुपर्दछ । यस परिप्रेक्ष्यमा यो अध्ययनको अन्तिम उद्देश्य उत्कृष्ट विदेशी विश्वविद्यालयबाट नौलो र उपयोगी शैक्षिक कार्यक्रमहरू नेपाल स्थित कलेजहरुमा सञ्चालित होस् भन्ने रहेको छ ।

यसका लागि भविष्यमा छुट्टै कानुनको तर्जुमा र त्यस अनुसारको निर्देशिकाको परिकल्पना गरेको छ । साथै विश्वविरियतामा १००० भित्र **(Times Higher Education World University Ranking** वा **QS World University Ranking)** रहेका विश्वविद्यालयहरूको गुणस्तर सुनिस्चिता **(Quality Assurance)** भएका उपयोगी तथा बजारमुखी शैक्षिक कार्यक्रमहरू नेपाल स्थित गुणस्तर सुनिस्चितता तथा प्रत्यायन **(QAA)** भएका कलेजहरूले सम्बन्धन प्राप्त गरी देशी विदेशी विद्यार्थी तथा शिक्षकहरूलाई समेत आकर्षित गर्न सक्षम होस् भन्ने चाहना प्रकट गर्दछौं । साथै विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुनिस्चितता तथा प्रत्यायन सहित प्राज्ञिक अनुगमन कार्य समेत गर्नुपर्ने राय प्रकट गर्दछौं । अन्तमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सुझावहरूमा उल्लेखित कार्यान्वयन पक्षहरूसहित कलेजहरूमा विद्यार्थी सङ्ख्या निश्चित गर्ने र छात्रवृत्तिको कार्य विधि बनाई छात्रवृत्ति वितरणलाई व्यवस्थित तथा एकरूपता कायम गर्ने कार्य लाई उच्च प्राथमिकता दिनुपर्ने देख्दछौं ।

## सन्दर्भ सामग्रीहरू


१. नेपालको संविधान

२. शिक्षा सम्बन्धी ऐन २०२८

३. शिक्षा सम्बन्धी नियमावली २०६९

४. शिक्षा सम्बन्धी नीति २०७६

५. विदेशी शिक्षण संस्थाका सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका , २०५९

६. विदेशी शिक्षण संस्था वा विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ र त्यसका संशोधनहरू

७. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित विभिन्न कलेजहरूको छानविन प्रतिवेदन २०७७

८. विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन २०७५

९. विज्ञ समिति प्रतिवेदन २०८१

१०. सर्वोच्च अदालतबाट भएका फैसला

   i. राजकुमार सिंह वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय  उत्प्रेषण ०७७–WO-०७८०
   ii. तपीराज जोसी समेत वि.शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय समेत ०७६–WO-०८०५
   iii. नारायण प्रसाद बराल वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समेत ०७६–WO-११७२

११. अन्तराष्ट्रिय कानूनी दस्तावेजहरु

   i. UDHR 1948
   ii. ICESR, 1966
   iii. ABIDJAN Principles 2019.
   iv. General comment no 13 of CESCR- Adopted 1999.
   v. Sustainable Development Goal (quality Education)

१२. Times Higher Education World University Ranking Official Webpage: https://www.timeshighereducation.com/world-university-rankings

१३. Shangahi Jiao Tong Ranking Official Webpage https://www.shanghairanking.com/rankings/arwu/2023

१४. QS World University Ranking Official Webpage: https://www.topuniversities.com/world-university-rankings/2023

१५. ISO Standard Official Webpage: https://www.iso.org/standards.html

१६. Official Webpages of 36 Host Universities given in the last columns of the Appendix kha

१७. Official Webpages of 59 affiliated colleges in Nepal has also been used for checking the program and status.

# अनुसूची - क

| S. N. | Name and address of college | Affiliated from | Name of program | Student enrolled |
|---|---|---|---|---|
| 1 | Ace International Business School, Sinamangal, Kathmandu | Glasgow Caladoniam, University, Scotland, UK | BBA 4 yrs | 251 |
| | | | BA (Hons) Fashion Design with Business 4yrs | 0 |
| | | | MBA 2yrs | 107 |
| 2 | Asian Institute of Technology and Management, Khumlatar, Lalitpur | University of Highland and Island, UK | BA (Hons) Hospitality Management 4 yrs | 25 |
| | | | BA (Hons) Business and Management 4yrs | 0 |
| 3 | Balmiki Lincoln College, Birtamod, Jhapa | Lincoln University College, Malaysia | BBA 4 yrs | 502 |
| | | | MBA 2yrs | 32 |
| | | | BIT 4 yrs | 139 |
| | | | BHM 4 yrs | 85 |
| 4 | Biratnagar International College, Biratnagar | University of Wolverhampton, UK | B.Sc. (Hons) internatonal business management 4 yrs | 129 |
| | | | BA (Hons) in International Hospitality Management 3 yrs | 229 |
| | | | Bsc. (Hons) Computer Science Bachelor 3 yrs | 0 |
| 5 | British International College, Chakupat, Lalitpur | Keele University, UK | BSc (Hons) Data Science 4yrs | 0 |
| | | | MSc Advanced Computer Science 2yrs | 35 |
| 6 | C. G. Institute of Management Pvt. Ltd., Min-Vhaban, Kathmandu | Limkokwing University of Creative Technology, Malaysia | BBA 4 yrs | 1 |
| | | | MBA 2 yrs | 41 |
| | | | B.Sc. (Hons) IT 3 yrs | 51 |
| | | | BIT Techno preneurship 3 yrs | 15 |
| | | | Bachelor of Computer Science (Hons) in Software Engineering with Multimedia 4yrs | 4 |
| | | | Bachelor of Science (Hons) in information and Communication technology, 4 yrs | 4 |
| 7 | Center For Leadership and Entrepreneurship, Lagankhel, Lalitpur | Lincoln University College, Malaysia and Culinary Solutions Australiya, Intel, college | MBA 2 yrs | 14 |
| | | | Bachelor of Science (Hons) in Hospitality Management 4yrs | 668 |
| | | | BBA 4yrs | 30 |
| | | | Diploma in Culinary Art 800 hrs | 8 |
| | | | Diploma in Bakery and patisserie 800 hrs | 0 |
| 8 | Fishtail Mountain school of Hospitality Tourism and Management, Pokhara | Taylors University, Malaysia | Bachelor of International Hospitality Management (Hons) 4 yrs. | 36 |
| | | | Bachelor of Computer Science (Hons) 4yrs | 0 |
| 9 | Forbes College, Chitwan | University of Computer Science and | Bachelor of Management (Hospitality) 4 yrs | 81 |
| | | | Bachelors of Computer Science (Network Technology and Cyber Security) 4yrs | 79 |

| | | | | |
|---|---|---|---|---|
| | | Skills, Lodz, Poland | | |
| 10 | Global Academy of Tourism and Hospitality Education (GATE), Mandikhatar, Kathmandu | Hotelleriesuisse, Swiss Hotel, Association, Switzerland | Bachelor's in International Hospitality Management (BIHM) 4 yrs | 223 |
| 11 | Global College International, New Baneshwor, Kathmandu | Shinawatra University, Thailand | BBA 4yrs | 0 |
| | | | MBA 2 yrs | 0 |
| 12 | Green Peace Lincoln College, Itahari, Sunsari | Lincoln University College, Malaysia | BBA 4 yrs | 285 |
| | | | MBA 2yrs | 35 |
| | | | Bachelor of Information Technology (BIT) 4 yrs | 38 |
| 13 | Herald International College, Naksal, Kathmandu | University of Wolverhampton, UK | B.Sc.(Hons) Computer Science 3 yrs | 1859 |
| | | | BSc. (Hons) international Business management, 4 yrs | 314 |
| | | | International MBA (IMBA) 2 yrs | 361 |
| | | | B.Sc. (Hons) in Cyber Security 3yrs | 0 |
| 14 | Himalayan College Of Management, Kamalpokhari, Kathmandu | Infrastructure University, Malaysia | BBA 4 yrs | 13 |
| | | | MBA 2 yrs | 134 |
| | | | MIT 2 yrs | 54 |
| | | | BCS IT 3 yrs | 39 |
| 15 | I.E.C. College of Art & Fashion, Mandikhatar, Kathmandu | Limkokwing University of Creative Technology, Malaysia | B.A in interior Architecture 3 yrs | 145 |
| | | | B.A (Hons) Fashain & Retailing 3 yrs | 227 |
| 16 | Infomatics College, Pokhara | London Metropolitan University, UK | BA (Hons) Business Administration 4 yrs | 97 |
| | | | B.Sc. (Hons) Computing 3 yrs | 651 |
| | | | B.Sc. (Hons) in Information Technology 4yrs | 0 |
| 17 | Infomax College of Information Technology and Management, Pokhara | Asia Pacific University of Technology and Innovation, Malasiya | B.Sc. Information Technology 3 yrs | 134 |
| | | | MBA 2 yrs | 23 |
| 18 | Institute of International Management Science (IIMS), Putalisadak, Kathmandu | Taylors University, Malaysia | Bachelor of Computer Science, 4 yrs, | 773 |
| | | | Bachelor of Business (Hons) 4yrs | 0 |
| | | | Bachelor of Arts (Hons) Hospitality Management 4 yrs | 153 |
| 19 | International Centre for Academics, Sinamangal, Kathmandu | Indira Gandhi National Open University, India | BPP 6 Months | 0 |
| | | | MBA 2 Yrs | 120 |
| | | | MEG 2 yrs | 13 |
| | | | MTM 2 yrs | 15 |
| | | | BA 3 yrs | 50 |
| | | | BTS 3 yrs | 41 |

| | | | | |
|---|---|---|---|---|
| | | | B.Com 3 yrs | 9 |
| | | | BCA 3 yrs | 73 |
| | | | MCA 3 yrs | 21 |
| 20 | International School of Management and Technology (ISMT), Pokhara | University of Sunderland, UK | B.Sc. Hons Computer System Engineering 4 yrs | 82 |
| | | | BA Hons Business Management (BBA) 4 yrs | 12 |
| | | | BSc. (Hons) International Tourism & Hospitality Management (BHM) 4yrs | 7 |
| 21 | International School of Management and Technology (ISMT), Butwal | University of Sunderland, Uk | BSc (Hons) Computer System Engineering 4 yrs | 69 |
| | | | Bsc (Hons) International Tourism and Hospitality Management (BHM) 4 yrs | 36 |
| 22 | International School of Management and Technology (ISMT), Biratnagar | University of Sunderland, Uk | BSc. (Hons) Computer Systems Engineering 3 yrs | 116 |
| | | | International Tourism and Hospitality Management (BHM) 3yrs | 43 |
| | | | BA(Hons) Business Management (BBA), 4 yrs | 27 |
| | | | Master of Business Administration (MBA) 2yrs | 10 |
| 23 | International School of Management and Technology (ISMT), Tinkune, Kathmandu | University of Sunderland, Uk/Edexcel (Pearson BTEC), UK | B.Sc. (Hons) Computer System Engineering 3 yrs | 200 |
| | | | BA (Hons) Business Management(BBA) 3 yrs | 71 |
| | | | BSc.(Hons) International Tourism & Hospitality Management (BHM) 4yrs | 28 |
| | | | B.Sc. (Hons) Cyber Security & Digital Forensics 4 yrs | 50 |
| | | | HND in Computing and System Development 2 yrs | 424 |
| | | | HND in Hospitality Managemen 2 yrs | 57 |
| 24 | International School of Management and Technology (ISMT), Chitwan | University of Sunderland, UK | BSc Hons Computer System Engineering 4yrs | 250 |
| | | | BSc Hons International Tourism and Hospitality Mangement(BHM) 4yrs | 41 |
| | | | Master of Business Administration (MBA) 2yrs | 10 |
| 25 | International School of Tourism and Hotel Management (IST), Gyaneswor, Kathmandu | Salzburg University of Applied Science and Technology, Austria | Hotel Management-Diploma and Higher Diploma 3 yrs | 221 |
| | | | Tourism Management -Diplomand Higher Diploma 3 yrs | 8 |
| | | | Bachelor of Science (hons) in Hospitality Management 1 yrs | 0 |
| | | | Bachelor of Science (hons) in Culinary Art Management 1 yrs | 0 |
| | | | MIT (Master of Innovation and Management in Tourism) 2 yrs | 0 |

| | | | | |
|---|---|---|---|---|
| 26 | Islington College, Kamal Pokhari, Kathmandu | London Metropolitan University, UK<br><br>Cambridge University, UK | BSc (Hons) in coumputing 3 yrs | 1559 |
| | | | BSc (Hons) in coumputer Networking and IT Security 3 yrs | 688 |
| | | | BSc (Hons) in Multimedia Technologies 3 yrs | 480 |
| | | | BSc (Hons) in coumputing 4 yrs | 0 |
| | | | B.Sc (Hons) in Coumputer Networking and IT Security 4 yrs | 0 |
| | | | BSc (Hons) in Multimedia Technologies 4 yrs | 0 |
| | | | BA (Hons)Business Administration 4yrs | 591 |
| | | | Master of Science in Information Technology and Applied Security (MSc IT and Applied Security) 2yrs | 297 |
| | | | M.Sc. Network Engineering, 2yrs | 0 |
| | | | MBA 2yrs | 105 |
| | | | BSc. (Hons) Mobile Application Development 3 yrs | 18 |
| | | | BA (Hons) Accounting and Finance 3yrs | 62 |
| | | | B.Sc. (Hons) in Computing with Artificial Intelligence 3yrs | 213 |
| | | | A Level 2 yrs | |
| 27 | Itahari International College, Sundarharaicha, Morang | London Metropolitan University, UK | BA(Hons) Bisiness Administration 4 yrs | 155 |
| | | | B.Sc.(Hons) Computing 3 yrs | 506 |
| | | | B.Sc. (Hons) in Information Technology 4yrs | 0 |
| 28 | Kashyap Institute of Engineering & Technology, Janakpur | The Institution of Civil Engineering, India | Diploma In Civil Engineering 3 yrs | 0 |
| 29 | Kathmandu College of Management, Guarkhu, Lalitpur | Siam University, Bankok, Thailand | BBA 4yrs | 238 |
| 30 | Kathmandu Forestry College, Koteswor, Kathmandu | University of Salzburg, Austria | M. Sc .in Geo-Information 2 yrs | 18 |
| 31 | KFA Business School and IT, Mid-Baneshwor, Kathmandu | Lincoln University College, Malaysia | BHM 4 yrs | 69 |
| | | | MBA 2yrs | 241 |
| | | | Bachelor of Computer Science (Hons) (Network Technology and Cyber security) 4 yrs | 97 |
| | | | Bachelor of Business Administration (BBA) 4yrs | 21 |
| 32 | Kings College, Babarmahal, Kathmandu | Westcliff University California, USA | 4. Bachelor of Business Administration (BBA) 4yrs | 313 |
| | | | MBA 2 yrs | 191 |
| | | | BS IT 4 yrs | 202 |

| | | | | |
|---|---|---|---|---|
| | | | Bachelor of Science in Computer Science (BSCS) 4yrs | 4 |
| 33 | Lincoln International College of Management & IT network, Putalisadak, Kathmandu | Lincoln University College, Malaysia | BBA (4 yrs) | 446 |
| | | | Bachelor of information Technology (Hons) 4yrs | 0 |
| | | | MBA (2yrs) | 478 |
| | | | Master of Computer Science 2yrs | 105 |
| | | | Bachelor of Computer Science(Hons) Network Security & CIS (3yrs) | 0 |
| 34 | Lord Buddha Education Foundation, Maitidevi, Kathmandu | Asia Pacific University of Technology and Innovation, Malasiya | B.Sc.(Hons) in Information technology 3yrs | 327 |
| | | | BA(Hons) in Business Management 3yrs | 10 |
| | | | Master of Science in Information Technology Management (Msc.[ITM]) 2 yrs | 34 |
| 35 | Mid-Valley International College, Gyaneswor, Kathmandu | HELP University, Malaysia | Bachelor of Business (Hospitality Management) (Hons) 4yrs | 105 |
| | | | Bachelor of Business (Finance) 4 yrs | 28 |
| | | | Bachelor of Business (Marketing)(Hons) 4 yrs | 0 |
| | | | Bachelor of Information Technology (Hons) 4 yrs | 70 |
| 36 | Model Institute of Technology (MIT), Bagbazar, Kathmandu | International American University, Losangeles, USA | BBA 4yrs | 0 |
| | | | MBA 2yrs | 9 |
| | | | Bachelor of Information Technology (BIT) 4 yrs | 69 |
| 37 | NTP Tourism Affairs College, Dillibazar, Kathmandu | Sripatum University, Thailand | Bachelor in Hospitality Management 4 yrs | 49 |
| | | | MBA 2 yrs | 0 |
| 38 | Naaya Aayam Multi-Disciplinary Institute, Gyaneshwor, Kathmandu | The University of Northmpton, UK | B.Sc.(Hons) Computer Science -3 yrs | 186 |
| | | | B.Sc.(Hons) Environmental Science- 3 yrs | 26 |
| | | | BBA 3 yrs | 79 |
| | | | Master in Computing 2 yrs | 4 |
| | | | MBA 2yrs | 0 |
| 39 | National College of Management & Technical Science (NCMT), Shamakhusi, Kathmandu | Lincoln University College, Malaysia | BHM 4 yrs | 149 |
| | | | BBA 4yrs | 83 |
| | | | MBA 2 yrs | 136 |
| | | | Bachelor of Information Technology(Hons) 4 yrs | 103 |
| | | | Bachelor of Computer Science (Hons) (Network Technology & Cyber Security, 4 yrs | 22 |
| 40 | Nepal Business College, Janapath Tol Biratnagar | Lincoln University | BBA 4 yrs | 278 |
| | | | MBA 2yrs | 76 |

| | | | | |
|---|---|---|---|---|
| | | College, Malaysia | BSc (Hons) in Hospitality Management 4 yrs | 0 |
| | | | BIT (Hons) 4 yrs | 26 |
| 41 | Nepal Education Foundation Consortium of Colleges, Khumlatar, Lalitpur | Asian Institute of Technology, Thailand | MBA 2 yrs | 0 |
| | | | BICT 4 yrs | 0 |
| 42 | Nepal Information Technology, Jawaulkhel, Lalitpur | Indira Gandhi National Open University, India (Open and Distance Mode of Delivery) | BA 3 yrs | 19 |
| | | | BCA 3 yrs | 34 |
| | | | B.Com 3 yrs | 25 |
| | | | MBA (MP) 2 yrs | 43 |
| 43 | Padhmashree College, Tinkune, Kathmandu | Nilai University, Malaysia | Bachelor of Information Technology 4 yrs | 342 |
| | | | Bachelor of Business Administration (Hons) BBA 4yrs | 0 |
| | | | BA (Hons) in Business and Hospitality Management 4 yrs | 50 |
| 44 | Patan College for Professional Studies, Kupandol, Lalitpur | University of Bedfordshire, UK | B.Sc.(Hons) Software Engineering 3 yrs | 277 |
| | | | BSc.(Hons) in Business Management 3 yrs | 30 |
| | | | MSc in Applied Computing and Information Technology 2yrs | 3 |
| | | | MBA with Various Specilization 2yrs | 2 |
| 45 | Phoenix College of Management, Maitidevi, Kathmandu | Lincoln University College, Malaysia | BBA 4 Yrs | 171 |
| | | | MBA 2 Yrs | 322 |
| | | | Bachelor Information Technology 3 yrs | 294 |
| | | | Master in Computer Science 2 yrs | 107 |
| | | | Bachelor of Science (Hons) in Hospitality Management 4 yrs | 11 |
| 46 | Pokhara Lincoln International College, Pokhara | Lincoln University College, Malaysia | BBA 4yrs | 420 |
| | | | B.Sc.(Hons) in Hospitality Management 4 yrs | 0 |
| | | | Bachelor of Computer Science(Hons) Network Technology and Cyber Security 4yrs | 0 |
| | | | Masters of Business Administratin (MBA) 2 yrs | 31 |
| 47 | Presidental Graduate School, Buddhanagar, Kathmandu | Westcliff University California, USA | BBA 4yrs | 314 |
| | | | BA 2yrs/ MBA | 60 |
| | | | B.Sc. IT 4 yrs | 557 |
| | | | M. Sc. IT 2 yrs | 46 |
| | | | MBA in Data Analytics 2 yrs | 11 |
| | | | MBA in Information Technology 2 yrs | 3 |
| 48 | Silver Mountain School of Hotel Management, Lainchaur, Kathmandu | Queen Marget University, UK | BA in International Hospitality and Tourism Management 4 yrs | 496 |
| | | | BA International Culinary Arts 4 yrs | 106 |

| | | | | |
|---|---|---|---|---|
| | | | MBA In Hospitality 2 yrs | 5 |
| | | | Bachelor in arts (Hons) International Hospitality & Tourism & Management 4yrs | 0 |
| 49 | Softwarica College of IT & E commerce, Dillibazar, Kathmandu | Coventry University, UK | B.Sc.(Hons) Computing 3 yrs | 693 |
| | | | B.Sc.(Hons) Ethical Haking and Cyber security 3 yrs | 418 |
| | | | Msc. Data Science and Computational Intelligence 2 yrs | 132 |
| | | | Bsc.(Hons) Computer Science with Artificial Intelligence 3 yrs | 47 |
| 50 | Stamford College, Shantinagar, Kathmandu | University of East London, UK | BSc (Hons) Computer Science 4 yrs | 23 |
| | | | BSc (Hons) Data Science And Artificial Intelligence 4 yrs | 0 |
| 51 | Sunway International Business School, Maitidevi, Kathmandu | Birmingham City University, UK | BSc (Hons) Computer Science with Artificial Intelligence 4yrs | 110 |
| | | | BA (Hons) Marketing with Digital Communication 4 yrs | 0 |
| 52 | Techspire College, New Baneshwor, Kathmandu | Asia Pacific University of Technology and Innovation, Malasiya | MBA 2yrs | 72 |
| | | | B.Sc.(Hons) in Information technology 3 yrs | 270 |
| 53 | Texas College of Management and IT, Chabahil, Kathmandu | Lincoln University College, Malaysia | BBA 4 yrs | 213 |
| | | | MBA 2 yrs | 77 |
| | | | BIT 4 yrs | 703 |
| | | | BCS 4 yrs | 111 |
| | | | BHM 4 yrs | 109 |
| | | | MCS 2 yrs | 21 |
| | | | MBA in Human Resource Management 2yrs | 0 |
| | | | MBA in Hospitality Management 2 yrs | 0 |
| 54 | The British College, Thapathali, Kathmandu | Leeds Backett University, UK University of the west England, (UWE) UK | B.Sc. (Hons) Computing 4yrs | 602 |
| | | | B.Sc. (Hons) Hospitality Business Management 4yrs | 61 |
| | | | M.Sc. Information & Technology 2yrs | 38 |
| | | | MBA 2yrs | 165 |
| | | | EMBA (Executive Professional) 2 yrs | 23 |
| | | | B.B.A (Hons) Business and Management 4yrs | 341 |
| | | | BSc (Hons) Cyber Security & Digital Forensic 4 yrs | 148 |
| | | | B.Sc. (Hons) Computer Science (Artificial Intelligence) 4 yrs | 20 |
| | | | M.Sc International Business Management (MIBM) 2 yrs | 0 |
| 55 | | | BSc (Hons) Computer Science 4 yrs | 15 |

| | | | | |
|---|---|---|---|---|
| | The London College, Tinkune, Kathmandu | University of East London, UK | BSc (Hons) Cyber Security and Networks 4 yrs | 0 |
| 56 | The Westminster College, Kupandol, Lalitpur | University of Westminster, UK | B.Sc. (Hons) Cyber Security and Forensic 4 yrs | 28 |
| | | | B.Sc. (Hons) Computer Science 4 yrs | 50 |
| 57 | Virinchi College International, Kumari Pati, Lalitpur | Asia eUniversity, Malaysia | Bachelor of Information and Communication Technology (Hons) BICT 4yrs | 163 |
| | | | Master of Business Administration MBA 2yrs | 73 |
| 58 | Western Mega College, Butwal | Lincoln University College, Malaysia | BHM 4 yrs | 253 |
| | | | MBA 2yrs | 33 |
| 59 | Yeti International College, Buddha Nagar, Kathmandu | Sripatum University, Thailand | Bachelor of Art (Tourism/ Hotel and MICE Management, AIrlines Business) 4 yrs | 49 |
| | | | MBA 2 yrs | 39 |
| | | **TOTAL** | | **28073** |

# अनुसूची – ख

| | University/Institutions | | Times Higher Education World Univ Ranking | Shanghai Jiao Tong Univ Ranking | QAA (Program: P /Institutional: I) Status | Official webpage |
|---|---|---|---|---|---|---|
| | Asia eUniversity, Malaysia | 1 | NOT RANKED | NOT RANKED | NO | https://aeu.edu.my/ |
| | Asia Pacific University of Technology and Innovation, Malasiya | 3 | 800-1000 | NOT RANKED | I & P | https://www.apu.edu.my/ |
| 3 | Asian Institute of Technology, Thailand | 1 | NOT RANKED | NOT RANKED | I | https://ait.ac.th/ |
| 4 | Birmingham City University, UK | 1 | 601-800 | NOT RANKED | I & P | https://www.bcu.ac.uk/ |
| 5 | Coventry University, UK | 1 | 601-800 | 1170 | I & P | https://www.coventry.ac.uk/ |
| 6 | Glasgow Caledonian, University, Scotland, UK | 1 | 601-800 | 1654 | NO | https://www.gcu.ac.uk/ |
| 7 | HELP University, Malaysia | 1 | NOT RANKED | NOT RANKED | NO | https://help.edu.my/ |
| 8 | Hotelleriesuisse, Swiss Hotel Association, Switzerland | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.myswitzerland.com/en-ca/ |
| 9 | Indira Gandhi National Open University, India | 2 | NOT RANKED | NOT RANKED | NO | http://www.ignou.ac.in/ |
| 10 | Infrastructure University, Malaysia | 1 | NOT RANKED | NOT RANKED | NO | https://iukl.edu.my/ |
| 11 | International American University, USA | 1 | NOT RANKED | NOT RANKED | NO | https://iaula.edu/ |
| 12 | Keele University, UK | 1 | 501-600 | 915 | I & P | https://www.keele.ac.uk/ |
| 13 | Leeds Backett University, UK | 1 | NOT RANKED | 1960 | I | https://www.leedsbeckett.ac.uk/ |
| 14 | Limkokwing University of Creative Technology, Malaysia | 2 | NOT RANKED | NOT RANKED | NO | https://www.limkokwing.net/ |
| 15 | Lincoln University College, Malaysia | 11 | NOT RANKED | NOT RANKED | I | https://www.lincoln.edu.my/ |
| 16 | London Metropolitan University, UK | 3 | Reporter 2024 | NOT RANKED | I | https://www.londonmet.ac.uk/ |
| 17 | Nilai University, Malaysia | 1 | NOT RANKED | 1701 | I | https://www.nilai.edu.my/ |
| 18 | Queen Margret University, UK | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.qmu.ac.uk/ |
| 19 | Salzburg University of Applied Science and Technology, Austria | 1 | NOT RANKED | 1113 | I | https://www.fh-salzburg.ac.at/en/ |
| 20 | Shinawatra University, Thailand | 1 | NOT RANKED | NOT RANKED | I | https://siu.ac.th/ |
| 21 | Siam University, Bankok, Thailand | 1 | NOT RANKED | 985 | I | https://inter.siam.edu/ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 22 | Sripatum University, Thailand | 2 | NOT RANKED | NOT RANKED | I | https://www.chonburi.spu.ac.th/ |
| 23 | Taylors University, Malaysia | 2 | NOT RANKED | NOT RANKED | I | https://university.taylors.edu.my/ |
| 24 | The Institution of Civil Engineering, India | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.ice.net.in/ |
| 25 | The University of Northampton, UK | 1 | Reporter 2024 | 1255 | I | https://www.northampton.ac.uk/ |
| 26 | University of Bedfordshire, UK | 1 | 1001-1200 | 1341 | I | https://www.ucas.com/ |
| 27 | University of Computer Science and Skills, Lodz, Poland | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.4icu.org/reviews/universities-english/9528.html |
| 28 | University of East London, UK | 2 | 1001-1200 | NOT RANKED | NO | https://www.uel.ac.uk/ |
| 29 | University of Highland and Island, UK | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.uhi.ac.uk/en/ |
| 30 | University of Salzburg, Austria | 1 | NOT RANKED | NOT RANKED | NO | https://www.plus.ac.at/?lang=en |
| 31 | University of Sunderland, UK | 5 | 1201-1500 | 1934 | I | https://www.sunderland.ac.uk/ |
| 32 | Edexcel (Pearson BTEC), UK | 1 | NOT RANKED | NOT RANKED | NO | https://qualifications.pearson.com/en/home.html |
| 33 | University of Westminster, UK | 2 | 801-1000 | 1775 | I | https://www.westminster.ac.uk/ |
| 34 | University of Wolverhampton, UK | 2 | 601-800 | 1984 | I & P | https://www.wlv.ac.uk/ |
| 35 | Westcliff University California, USA | 1 | Reporter 2024 | NOT RANKED | I | https://www.westcliff.edu/ |
| 36 | University of the west England, (UWE) UK | 1 | 501-600 | 1219 | I & P | https://www.uwe.ac.uk/ |

**Note:**

(1) For THE-WUR ranking, official webpage https://www.timeshighereducation.com/world-university-rankings has been used (Access Date: September-October 2024)

(2) For Shangahi Jiao Tong Ranking, official webpage https://www.shanghairanking.com/rankings/arwu/2023 has been used (Access Date: September-October 2024)

(3) Status of QAA has been studied through the official webpage of Universities given in the last column of the above table. In a few cases, e-mail corresponding has been made with the authorities of the colleges. All screenshorts of those correspondences are electronically recorded.

**पेश गरिएको:**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार ।

१९ असोज २०८१